# नवलपरासी जिल्लाका निबन्धको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


शोधार्थी
**इन्द्रप्रसाद पौडेल**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

२०६९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षका विद्यार्थी **इन्द्रप्रसाद पौडेल**ले **नवलपरासी जिल्लाका निबन्धको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र उहाँले निकै परिश्रमपूर्वक तयार पार्नु भएको छ । यो शोधपत्र स्नातकोत्तर तहका लागि उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

डा. सुधा त्रिपाठी
(शोधनिर्देशक)
नेपाली केन्द्रीय विभाग
त्रि.वि, कीर्तिपुर, काठमाडौं

मिति : २०६९/५/३

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र **इन्द्रप्रसाद पौडेल**ले त्रि.वि. नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गर्नु भएको **नवलपरासी जिल्लाका निबन्धको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधमूल्याङ्कन समिति

________________________
प्रा.डा. देवीप्रसाद गौतम
(विभागीय प्रमुख)

________________________
डा. सुधा त्रिपाठी
(शोधनिर्देशक)

________________________
बन्दना ढकाल
(बाह्य परीक्षक)

मिति : २०६९/५/१०

# कृतज्ञताज्ञापन

"नवलपरासी जिल्लाका निबन्धको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु डा. सुधा त्रिपाठीको प्राज्ञिक निर्देशनमा तयार गरेको हुँ । शोधशीर्षकको चयनदेखि शोधपत्रको अन्तिम स्वरूप तयार पार्दासम्म आइपरेका विभिन्न समस्याहरूको हल गर्न र विभिन्न चुनौतिहरूसँग जुध्ने प्रेरणा दिनु भएको छ । मलाई सही मार्ग निर्देशन गराएर अघि बढ्न प्रेरित गरी आफ्ना व्यवहारिक कार्यव्यवस्ततामा पनि यो शोधपत्र तयार गर्न आवश्यक सामग्री तथा सल्लाह र निर्देशन दिनु हुने श्रद्धेय गुरुप्रति म सदा ऋणी हुनेछु ।

प्रस्तुत शोधपत्रको तयारीका लागि आवश्यक पर्ने सामग्रीका साथै महत्वपूर्ण जानकारी जुटाइदिनु हुने विषणुप्रसाद लामिछाने, सदानन्द अभागी, डा. नारायणप्रसाद खनाल, प्रा. हुमकान्त पाण्डे, कमला पाण्डे लगायत मेरा साथीभाइहरूप्रति म सदा कृतज्ञ रहनेछु ।

आर्थिक तथा व्यवहारिक समस्यासँग सङ्घर्ष गरी आफ्नो पूरा जीवन नै मेरो अध्ययन कार्यको सहयोगमा बिताइ मलाई यो ठाउँसम्म ल्याउने मेरा पुजनीय पिता तारानाथ पौडेल तथा माता धनकुमारी पौडेलप्रति म आजीवन ऋणी छु । त्यसै गरी मलाई अध्ययनका क्रममा हरपल सघाउ पुऱ्याउने सानिमा विन्दु शर्मा, भाइ धनप्रसाद पौडेल, बहिनी सुस्मिता पौडेलप्रति पनि म कृतज्ञ छु ।

प्रस्तुत शोधपत्रको तयारीका क्रममा मलाई विभिन्न क्षेत्रबाट सहयोग गर्नु हुने मेरा सहयोगी मित्रहरू उदयप्रकाश लिम्बु, बुद्धिविक्रम थलङ, सोमनाथ पौडेल, नवीन घले, विश्वमित्र राई र मेरा बहिनीहरू ओजश्वी, रञ्जना, सृजना, गंगा, जमुना, सम्झना, कल्पना अनि प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण शुभचिन्तकहरू प्रति धन्यवाद टक्र्याउन चाहन्छु । साथै प्रस्तुत शोधपत्रलाई होसियारपूर्वक शुद्धसँग टङ्कण गरिदिने वृष रावललाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।

शैक्षिक सत्र २०६५/०६६<br>
मिति : २०५९/५/३

शोधार्थी<br>
इन्द्रप्रसाद पौडेल<br>
नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

# विषयसूची

***पृष्ठ***

## पहिलो परिच्छेद
## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्या कथन | २ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधको औचित्य | ३ |
| १.६ | शोधको सीमा | ४ |
| १.७ | शोधविधि | ४ |
| | १.७.१ सामग्री सङ्कलन विधि | ४ |
| | १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा | ४ |
| १.८ | शोधपत्रको रूपरेखा | ५ |


## दोस्रो परिच्छेद
## नवलपरासी जिल्लाको सङ्क्षिप्त परिचय


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | ६ |
| २.२ | नामकरण | ६ |
| २.३ | ऐतिहासिक पृष्ठभूमि/चिनारी | ६ |
| २.४ | साँध-सीमा | ८ |
| २.५ | भू-वनोट | ८ |
| | २.५.१ पहाडी प्रदेश | ९ |
| | २.५.२ भित्री मधेस | ९ |
| | २.५.३ तराई प्रदेश | १० |
| २.६ | हावापानी | १० |
| २.७ | प्राकृतिक वनस्पति | ११ |
| २.८ | पशुपक्षी | ११ |
| २.९ | जलभण्डार | १२ |
| २.१० | स्थानीय निकायको विभाजन | १२ |
| २.११ | जनसङ्ख्या | १३ |
| २.१२ | सामाजिक जनजीवन जाति, भाषा र धर्म | १४ |
| २.१३ | मठ मन्दिर तथा धार्मिक स्थलहरू | १६ |
| २.१४ | शिक्षा र स्वास्थ्य | १७ |
| २.१५ | निष्कर्ष | १८ |

## तेस्रो परिच्छेद
## नवलपरासी जिल्लाको साहित्यिक पृष्ठभूमि र निबन्धकारहरूको सर्वेक्षण


| | | |
|---|---|---|
| ३.१ | नवलपरासेली साहित्यको पृष्ठभूमि | १९ |
| ३.२ | नवलपरासेली साहित्यको विकासक्रम | २० |
| ३.३ | कविता | २४ |
| ३.४ | कथा | २६ |
| ३.५ | उपन्यास | २६ |
| ३.६ | नाटक | २७ |
| ३.७ | समालोचना | २७ |
| ३.८ | पत्रपत्रिकाहरू | २८ |
| ३.९ | संघ संस्थाहरू | २८ |
| ३.१० | नवलपरासी जिल्लाका निबन्धकारहरू र तिनका निबन्ध कृतिको सर्वेक्षण | २९ |
| ३.११ | निष्कर्ष | ३० |


## चौथो परिच्छेद
## नवलपरासी जिल्लाका निबन्धकारहरूको परिचय र तिनका निबन्ध कृतिको अध्ययन तथा विश्लेषण


| | | |
|---|---|---|
| ४.१ | निबन्धको परिचय | ३३ |
| ४.२ | निबन्ध विश्लेषणका आधार | ३६ |
| | ४.२.१ विषयवस्तु | ३६ |
| | ४.२.२ उद्देश्य | ३६ |
| | ४.२.३ भाषाशैली | ३७ |
| ४.३ | निबन्धतत्त्वका आधारमा नवलपरासी जिल्लाका निबन्धकारहरूका निबन्ध कृतिको अध्ययन | ३८ |
| | ४.३.१ हुमकान्त पाण्डे (२००९) | ३८ |
| | ४.३.१.१ परिचय | ३८ |
| | ४.३.१.२ निबन्धकृतिको अध्ययन | ३९ |
| | ४.३.१.३ निष्कर्ष | ४१ |
| | ४.३.२ डा. नारायणप्रसाद खनाल (२००९) | ४१ |
| | ४.३.२.१ परिचय | ४१ |
| | ४.३.२.२ निबन्ध कृतिको अध्ययन | ४२ |
| | ४.३.२.३ निष्कर्ष | ५० |
| | ४.३.३ सदानन्द अभागी (२००४) | ५१ |
| | ४.३.३.१ परिचय | ५१ |
| | ४.३.३.२ निबन्ध कृतिको अध्ययन | ५२ |
| | ४.३.३.३ निष्कर्ष | ५६ |
| ४.४ | निष्कर्ष | ५६ |


## पाँचौं परिच्छेद
## उपसंहार


**सन्दर्भग्रन्थ सूची**

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अनु. | : | अनुवादक |
| आ.सं. | : | आठौँ संस्करण |
| एम्.ए. | : | मास्टर्स अफ आर्टस |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| चौ.सं. | : | चौथो संस्करण |
| छै.सं. | : | छैटैँ संस्करण |
| डा. | : | डाक्टर |
| ते.सं. | : | तेस्रो संस्करण |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| पृ. | : | पृष्ठ |
| प्रा. | : | प्राध्यापक |
| मि. | : | मिटर |
| वि.सं. | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |
| सा.सं. | : | सातौँ संस्करण |

# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने लुम्बिनी अञ्चलका छ वटा जिल्लामध्येको एक जिल्ला नवलपरासी हो । वि.सं. २०१९ सालभन्दा अगाडि यस जिल्लालाई पाल्ही भनिन्थ्यो । वि.सं. २०१९ मा नेपाल अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा यस जिल्लालाई नवलपरासी नामकरण गरेको पाइन्छ ।

नवलपरासी जिल्लामा सुरुमा आदिवासी थारू जातिको बसोवास रहेको पाइन्छ । यस जातिमा तत्कालीन समयमा शैक्षिक जनचेतनाको कमीका कारण साहित्यिक गतिविधि हुन सकेको पाइँदैन । वि.सं. २०१५ सालदेखि तराईका विभिन्न जिल्लामा औलो उन्मूलन गर्ने कार्यक्रमको सुरुवात सँगसँगै पहाडी भेगका विभिन्न जिल्लाबाट यस जिल्लामा बसाइ सरेर आउने क्रम सुरु भएपछि मात्र साहित्यिक गतिविधिको प्रारम्भ भएको पाइन्छ । नवलपरासी जिल्लाको पहिलो प्रकाशित साहित्यिक कृति वामदेव पण्डितको 'ब्रहमाण्ड भित्र' (२०३१) काव्य रहेको पाइन्छ । वि.सं. २०३१ अगाडि यस जिल्लाका साहित्यकारद्वारा लिखित साहित्यिक सिर्जनाहरू प्रकाशित हुन नसके पनि विभिन्न साहित्यिक प्रयासहरू (कविता वाचन, गोष्ठी, सांस्कृतिक कार्यक्रम) भने भएको पाइन्छ । यसपछि नवलपरासी जिल्लाका साहित्यकारहरूले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएको पाइन्छ ।

नवलपरासी जिल्लामा साहित्यका विभिन्न विधा मध्येको एक विधा निबन्धको लेखन नेपाली साहित्यमा साथै नेपाली निबन्ध विधामा आधुनिकताको सुरुवात भएको चार दशकपछि मात्र भएको पाइन्छ । यस जिल्लामा वि.सं. २०३५ बाट निबन्ध लेखनको सुरुवात भएको पाइए तापनि पहिलो निबन्धात्मक कृतिका रूपमा हुमकान्त पाण्डेको "आँसुका अक्षरहरू" (२०४७) कृति रहेको पाइन्छ । यसपछि डा. नारायणप्रसाद खनालका "नारायणीका लहर-लहरमा" (२०६१) लगायतका दुईवटा निबन्धात्मक कृति र सदानन्द अभागीको "काठमाडौंदेखि देहरादुन" (२०६१) जस्ता क्रमशः निबन्धात्मक र यात्रा विवरणात्मक कृतिहरू प्रकाशित रहेको पाइन्छ । यिनै निबन्धकार र निबन्धात्मक कृतिसँग सम्बन्धित रहेर प्रस्तुत शोध तयार गरिएको छ ।

## १.२ समस्या कथन

नवलपरासी जिल्लाका निबन्धकार र तिनका निबन्धगत योगदानका बारेमा यसअघि शोधकार्य भएको पाइँदैन । नवलपरासी जिल्लामा बसोवास गरेका र पेशागत रूपमा जिल्ला बाहिर रहेका निबन्धकार र तिनका निबन्ध कृतिको मूल्याङ्कन गर्नु यस शोधकार्यको समस्या रहेको छ । नवलपरासी जिल्लाको निबन्धकारिताबारे व्यवस्थित अध्ययन नभइसकेको हुँदा प्रस्तुत शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(१) नवलपरासी जिल्लाका निबन्धकारहरू र तिनका निबन्ध कृति के कति छन् ?

(२) नवलपरासी जिल्लाका निबन्धकार र तिनका निबन्ध कृतिको विश्लेषण वा अध्ययन कुन आधारमा गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

नवलपरासी जिल्लाका प्रतिनिधि निबन्धकार र तिनका निबन्ध कृतिको अध्ययनमा आधारित भएर ठोस तथा तथ्यपरक अध्ययन विश्लेषण गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्य रहेका छन् :

(१) नवलपरासी जिल्लाका निबन्धकार र निबन्ध कृतिको सर्वेक्षण गर्नु ।

(२) नवलपरासी जिल्लाका निबन्ध कृतिको अध्ययन र विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नवलपरासी जिल्लाको साहित्यिक गतिविधि र विभिन्न साहित्यिक संघ संस्थाहरूको साहित्यमा योगदानका विषयमा केही जानकारी विभिन्न पत्रपत्रिका लगायत पुस्तकाकार कृतिका रूपमा रहेको पाइए तापनि समग्र जिल्लाका निबन्धकार र तिनका निबन्ध कृतिको वा निबन्धकारिताका बारेमा शोधपत्र तयार भएको पाइँदैन तर त्यसलाई सहयोग पुग्ने किसिमका सामग्रीहरू भने फाट्टफुट्ट रूपमा छरिएर रहेका छन् । नवलपरासी जिल्लाका निबन्धकार र तिनका निबन्ध कृतिको विषयमा हालसम्म प्राप्त सम्बन्धित चर्चाहरूको सारलाई यहाँ प्रस्तुत गरिएको छ :

(क) ज्ञानु सिंहले **स्वदेश** (अङ्क २८, २०४५) मा "परासीको साहित्यिक यात्रा" शीर्षक लेखनमा नवलपरासीका साहित्यकारको बारेमा सामान्य चर्चा गरेको पाइन्छ ।

(ख) भूपेन्द्र शर्मा भट्टराईले **देवचुली** (अङ्क १, २०४८) मा "नवलपरासीका ख्याति प्राप्त साहित्यकार" शीर्षकको लेखमा नवलपरासीका केही निबन्धकारहरूको नामोल्लेख गरेको पाइन्छ ।

(ग) डा. नारायणप्रसाद खनालले आफ्नो समालोचनात्मक कृति "केही रहर : केही ठहर" (२०४९) मा आफ्नो निबन्धकारिताका बारेमा सामान्य चर्चा गरेको पाइन्छ ।

(घ) भगवती अर्याल (२०५६) ले "नवलपरासी जिल्लाका साहित्यिक गतिविधि" शीर्षकमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग कीर्तिपुरबाट पूरा गरेको स्नातकोत्तर शोधपत्रमा नवलपरासीका साहित्यकार र तिनका प्रकाशित कृतिहरूको सामान्य परिचयात्मक विश्लेषण गरेको भेटिन्छ ।

(ङ) टंकप्रसाद काफ्लेले "नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्वगत विशेषता" शीर्षकमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुरबाट २०६३ मा पूरा गरेको स्नातकोत्तर शोधपत्रमा "नवलपरासीको साहित्य सिर्जना परम्परा र पृष्ठभूमि" अन्तर्गत केही निबन्धकार र निबन्ध कृतिको सामान्य चर्चा गरेका छन् ।

प्रस्तुत पूर्वकार्यहरूमा नवलपरासी जिल्लाका साहित्यकारहरू साथै निबन्धकारहरूका बारेमा सामान्य जानकारी दिइएको हुँदा 'नवलपरासी जिल्लाका निबन्धको अध्ययन' शीर्षकको शोधपत्र लेखनका क्रममा नवलपरासी जिल्लाका निबन्धकारहरूको बारेमा जानकारी प्राप्त गर्न सहयोगी भूमिका निर्वाह गर्ने छन् । हुन त यी कार्य यस शोधपत्र लेखनका लागि पर्याप्त सामग्री नभए तापनि यिनै सामग्रीको जानकारीबाट निबन्धकार समक्ष पुग्न सजिलो हुने देखिन्छ । त्यसैले प्रस्तुत कार्यहरू यस शोधपत्रसँग सम्बन्धित रहने देखिन्छ ।

## १.५ शोधको औचित्य

नवलपरासी जिल्लाको सामान्य चिनारी दिई साहित्यिक सर्वेक्षण गरिएको यस शोधकार्यमा नवलपरासी जिल्लाको साहित्य लेखनको पृष्ठभूमि जिल्लाका निबन्धकारको सर्वेक्षण र तिनका निबन्ध कृतिको विश्लेषण गरिएको छ । नवलपरासी जिल्लामा भएका साहित्यिक क्रियाकलापका साथै क्षेत्रीयताको जानकारी दिँदै जीवन जगतका परम्परागत र समसामयिक अनुभूतिलाई नवलपरासीका निबन्धकारहरूले प्रस्तुत गरेका छन् । विषयगत विविधता रहेको यस क्षेत्रमा समग्र निबन्धको अध्ययन तथा विश्लेषण गरिएको यस शोधपत्रले सम्बन्धित विषयमा जानकारी राख्न इच्छुक पाठकवर्ग अथवा क्षेत्रीय अध्ययन अन्वेषण परम्परामा संलग्न जो कोही व्यक्तिका लागि बाटो देखाउने भएकाले यो कार्य फलदायी रहनेछ ।

## १.६ शोधको सीमा

प्रस्तुत शोधपत्रमा नवलपरासी जिल्लाको भौगोलिक सीमाभित्र रहेर त्यस ठाउँको परिचय, साहित्य लेखनको पृष्ठभूमि तथा नवलपरासी जिल्लामा बसोवास गरेका र पेसागत रूपमा जिल्ला बाहिर रहेका निबन्ध कृति प्रकाशित गर्ने निबन्धकार र तिनका उपलब्ध निबन्ध कृतिको अध्ययन तथा विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा शोध विषयसँग सम्बन्धित आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । यस शोधको विषय क्षेत्रीय अध्ययन पद्धति भएकाले सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन पद्धति र सङ्कलित सामग्री विश्लेषणका लागि पुस्तकालयीय अध्ययन पद्धतिलाई अवलम्बन गरिएको छ । निबन्धकारहरूको वैयक्तिक विवरण सङ्कलन गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई भेटेर वहाँबाट प्राप्त जानकारीलाई आधार बनाइएको छ भने शोधसँग सम्बन्धित विभिन्न पुस्तक पत्रपत्रिका र संघ संस्थाबाट पनि सामग्री सङ्कलन गरिएको छ । आवश्यकता अनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक र संघ संस्थाबाट पनि जानकारी लिइएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोधमा नवलपरासी जिल्लाका समग्र निबन्धकारहरूको सर्वेक्षण गर्दै निबन्ध कृतिको अध्ययन तथा विश्लेषणमा केन्द्रित रहेर यस शोधमा ऐतिहासिक, वर्णनात्मक र विश्लेषणात्मक पद्धतिलाई अवलम्बन गरिएको छ । प्रस्तुत शोधको सङ्कलित सामग्री विश्लेषणको अवधारणात्मक ढाँचा शोध समस्याक्रम अनुसार यस प्रकार रहेको छ ।

समस्या १ को प्राज्ञिक र प्रमाणिक समाधानका लागि सङ्कलित सामग्रीको विश्लेषणमा निम्नलिखित अवधारणात्मक ढाँचाको प्रयोग गरिएको छ :

(१) विषय परिचय

(२) नवलपरासी जिल्लाका निबन्धकार र निबन्ध कृतिका विभिन्न सन्दर्भ ।

(क) नवलपरासी जिल्लाका निबन्धकारको परिचय ।

(ख) नवलपरासी जिल्लाका निबन्धकारका निबन्ध कृति ।

समस्या नं. २ को प्रामाणिक समाधानका लागि निम्नलिखित ढाँचाको प्रयोग गरिएको छ ।

(क) विषय परिचय

(ख) नवलपरासी जिल्लाका निबन्धकारका निबन्धकृतिको अध्ययन गर्ने आधारहरू

(अ) विषयवस्तु

(आ) उद्देश्य

(इ) भाषाशैली

माथिका विभिन्न आधार र मापदण्डको प्रयोग गरी नवलपरासी जिल्लाका निबन्धको अध्ययन विश्लेषण गरिएकाले प्रस्तुत शोधकार्यको प्रकृति वर्णनात्मक र विश्लेषणात्मक खालको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुगठित एवम् सुव्यवस्थित पार्न निम्नलिखित परिच्छेदमा मूल शीर्षक र आवश्यकताअनुसार उपशीर्षकमा वर्गीकरण गरिएको छ ।

**पहिलो परिच्छेद** : शोध परिचय

**दोस्रो परिच्छेद** : नवलपरासी जिल्लाको सङ्क्षिप्त परिचय

**तेस्रो परिच्छेद** : नवलपरासी जिल्लाको साहित्यिक पृष्ठभूमि र निबन्धकारहरूको सर्वेक्षण

**चौथो परिच्छेद** : नवलपरासी जिल्लाका निबन्धकारहरूको परिचय र तिनका निबन्धकृतिको अध्ययन तथा विश्लेषण

**पाँचौं परिच्छेद** : उपसंहार

प्रस्तुत शोधको अन्त्यमा सन्दर्भ सामग्री सूची राखिएको छ ।

## दोस्रो परिच्छेद

# नवलपरासी जिल्लाको सङ्क्षिप्त परिचय

### २.१ पृष्ठभूमि

नवलपरासी जिल्ला नेपाल अधिराज्यको पाँच विकास क्षेत्रअन्तर्गत पर्ने लुम्बिनी अञ्चल भित्रका छ वटा जिल्लामध्येको एक जिल्ला हो । यस अञ्चलमा नवलपरासी बाहेकका रूपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी र पाल्पा जिल्लाहरू रहेका छन् ।

### २.२ नामकरण

नवलपरासी जिल्ला लुम्बिनी अञ्चलका तराईका जिल्लाहरूमध्येको एक हो । यस जिल्लालाई चुरे पर्वतले उत्तर-पूर्वबाट दक्षिण-पश्चिममा झण्डै आधा पारेर काटेको छ । वि.सं. २०१९ भन्दा अगाडि यस जिल्लालाई 'पाल्ही' भनिन्थ्यो । 'पाल्ही' जिल्ला पाल्ही देवीको नामबाट रहन गएको थियो ।[१] पाल्ही देवीको मन्दिर परासी बजारदेखि लगभग नौ कि.मि. दक्षिणमा रहेको छ । वि.सं. २०१९ मा नेपाल अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा पाल्ही जिल्लाको परासी क्षेत्रका नगवा, सतगावा, तैरेनी र बघौरै तप्पाहरूलाई नयाँ नामकरण भएको रूपन्देही जिल्लामा गाभियो । पाल्ही जिल्ला अन्तर्गतका बाँकी तप्काहरू खुरहट, जवा, वरजङ्गा, पञ्चगङ्गा, लोकोली, नवलपुर तथा पूर्वी पाल्पाका केही क्षेत्रहरूलाई मिलाई नयाँ जिल्ला नवलपरासी भनी नामकरण गरियो ।[२]

### २.३ ऐतिहासिक पृष्ठभूमि/चिनारी

नवलपरासी जिल्ला ऐतिहासिक दृष्टिकोणबाट महत्त्वपूर्ण रहेको छ । वि.सं. २०३७ साल चैत्र १३ गते मिलवाको सार्वजनिक सङ्ग्रहालयका रिसर्च एसोसिएट 'डा. जेन्स मुन्थे' को नेतृत्वमा गएको नेपाल र अमेरिकाको संयुक्त वैज्ञानिक टोलीले नवलपरासी जिल्लाको तराई क्षेत्रमा 'होमिनाइड रामापिथेक्स' को दाँत फेला पारेको थियो ।[३] डा. मुन्थेले त्यो दाँतलाई झण्डै १ करोड १० लाख वर्ष पुरानो चट्टानमा भेट्टाएको कुरा बताए । उनले यस दाँतलाई नेपालमा मात्र नभई एसियामा नै पहिलो बताएका छन् ।[४] त्यसैले यस जिल्लामा प्रागमानवको वङ्गराको दाँत, प्राग्ऐतिहासिक ढुङ्गे हातहतियार प्राप्त हुनुका साथै सतहमा इट्टा तथा ढुङ्गाका कलात्मक अवशेषहरू भएका ढिस्काहरू, प्राचीन मूर्तिहरू, भाँडाकुँडाका टुक्राहरू प्राप्त भएका छन् ।[५] इँटाहरूको बनोट, ढुङ्गाहरूका कलाकृतिका आधारमा यस जिल्लामा मानिसहरूको बसोवास प्राग्ऐतिहासिक समयदेखि भएको थियो भन्ने बुझिन्छ ।[६]

---

[१] मेचीदेखि महाकाली, भाग-३, (काठमाडौँ : श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१), पृ. ८७५ ।

[२] ऐजन, पृ. ८६५ ।

[३] रासस, दक्षिण एसियामा सबैभन्दा पुरानो अवशेष, (काठमाडौँ : गोरखापत्र, चैत्र १४ गते, २०४७), पृ. १ ।

[४] ऐजन ।

[५] मेचीदेखि महाकाली, पूर्ववत्, पृ. ८८१ ।

[६] निमैला वैद्य, नवलपरासी जिल्लाको पुरातात्त्विक महत्त्वका स्थलहरू तथा वस्तुहरू : एक अध्ययन, (त्रि.वि., नेपाल इतिहास संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, शोधपत्र, २०५३), पृ. ९ ।

नवलपरासी जिल्लाको ऐतिहासिक पृष्ठभूमि बौद्ध जातक कथामा पनि भेटिन्छ । यस कथा अनुसार बौद्धकालीन समयमा यस जिल्लामा कोलीयहरूले राज्य गर्दथे । गौतम बुद्धको मावली तथा ससुराली पनि यसै राज्यको देवदहमा पर्दथ्यो । त्यसबेला कोलीय राज्यको राजधानी ‘रामग्राम’ थियो ।[७] त्यसै लोकोक्ति अनुसार नवलपरासीलाई वाल्मीकिको तपोभूमि भनिन्छ । लवकुश पनि यही हुर्केका थिए । यी दुई भाइले अश्वमेध यज्ञका लागि रामचन्द्रले छोडेको श्यामकर्ण घोडा पक्रेका थिए । त्यसैले रामचन्द्र र लवकुशबीच लडाइँ चल्यो । यसरी लडाइँ गरिएको स्थान पनि नवलपरासीलाई नै मानिएको छ ।[८]

नेपालको इतिहास अनुसार हालको नवलपरासी जिल्ला वि.सं. १५५०-१५७५ सम्म पाल्पाली सेनहरूको अधिनमा थियो । वि.सं. १८६३ मा रणबहादुरको हत्या भयो । उक्त हत्याकाण्डमा पाल्पाली अन्तिम राजा पृथ्वीपाल सेन पनि संलग्न रहेको अभियोगमा मारिए । त्यसपछि भीमसेनले आफ्ना पिता अमरसिंह थापालाई पाल्पा कब्जा गर्नका लागि खटाए । त्यसैले अमरसिंह थापाको नेतृत्वमा गएको फौजले बिना कुनै रोकतोक पाल्पा अन्तर्गतका सबै प्रदेशहरूमाथि कब्जा जमाउन सफल भयो । त्यसपछि नवलपरासी जिल्ला पनि बृहत् नेपाल राज्यमा सम्मिलित हुन पुग्यो ।[९]

## २.४ साँध–सीमा

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने लुम्बिनी अञ्चलका जिल्लाहरूमध्येको नवलपरासी जिल्ला चुरे पर्वतका कारण सामान्यतः चारपाटे आकारको छ ।[१०] यस जिल्लाका दुई क्षेत्रमा ‘परासी’ उत्तर पश्चिमबाट दक्षिण-पूर्व ढल्केको छ भने ‘नवलपुर’ क्षेत्र चाहिँ उत्तर-पूर्व च्यापेर बसेको छ ।[११] यस जिल्लाको पूर्वमा चितवन जिल्ला, पश्चिममा रूपन्देही, उत्तरमा पाल्पा तथा तनहुँ र दक्षिणमा भारतको उत्तरप्रदेश तथा विहारको पश्चिम चम्पारण पर्दछ ।

भौगोलिक स्थितिको दृष्टिबाट यो जिल्ला २६° १२’ उत्तरी अक्षांशदेखि २७° ४६’ उत्तरी अक्षांश तथा ८३° ३६’ पूर्वी देशान्तरदेखि ८४° २५’ पूर्वी देशान्तरभित्र फैलिएको छ । यस जिल्लाको क्षेत्रफल २०१६.१६ वर्ग कि.मि. छ । यसमा १११७.५६ वर्ग कि.मि वनको क्षेत्र ३१.४४ वर्ग कि.मि. निकुञ्ज, ९९.६८ वर्ग कि.मि. कृषि अयोग्य भूमि, ४२.६९ वर्ग कि.मि. चरन क्षेत्र, १२२.७५ वर्ग कि.मि. नदीनाला तथा भीर पहरा र ६०१.७५ वर्ग कि.मि. कृषि योग्य भूमि पर्दछ ।[१२]

## २.५ भू–वनोट

लुम्बिनी अञ्चलका जिल्लाहरूमध्ये भित्री मधेस र तराई क्षेत्र दुवै रहेको एउटा मात्र जिल्ला नवलपरासी हो । यस जिल्लाको नवलपुर र तराई क्षेत्रलाई छुट्याउने चुरे शृङ्खलालाई दाउन्ने डाँडा भनिन्छ । यस जिल्लाको उत्तरमा महाभारत लेक, चुरे पहाडी भू-भाग पर्दछन् भने दक्षिणमा भित्री मधेस र तराई क्षेत्र

---

[७] मेचीदेखि महाकाली, पूर्ववत्, पृ. ८९० ।

[८] विष्णुप्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास, भाग १, (भरतपुर : घिमिरे प्रकाशन, २०४५), पृ. ३० ।

[९] मेचीदेखि महाकाली, पूर्ववत्, पृ. ८७५ ।

[१०] ऐजन ।

[११] भगवती अर्याल (पाण्डे), नवलपरासीको साहित्यिक गतिविधि, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६३), पृ. १ ।

[१२] जिल्ला विकास समिति, नवलपरासी १८ औं जिल्ला परिषद् प्रतिवेदन पुस्तक, २०६७, पृ. १४ ।

पर्दछन् । त्यसैले भौगोलिक दृष्टिबाट नवलपरासी जिल्ला निकै विविधतापूर्ण छ । समुन्द्र सतहबाट १०० मिटरदेखि १९३६ मिटरसम्मको उचाइमा रहेको यस जिल्लालाई पहाडी प्रदेश, भित्री मधेस र तराई प्रदेश गरी जम्मा तीन भागमा बाँडन सकिन्छ ।[१३]

### २.५.१ पहाडी प्रदेश

जिल्लाको बीचमा पर्ने महाभारत लेकको उत्तरी एवं दक्षिणी ढाल र महाभारत लेक हुँदै दक्षिणतिर फैलिई नारायणी नदीको किनारसम्म पुगेको चुरेको शृङ्खलालाई पहाडी प्रदेश मानिएको छ । यो क्षेत्र ५०० मी. देखि १९३६ मि. सम्मको उचाइमा छ । यस प्रदेशका अग्ला टाकुराहरूमा देवचुली (१९३६ मि.), बडचुली (१७६५ मि.) र महलपोखरी (१०२३ मि.) उल्लेखनीय छन् । यस क्षेत्रबाट गिरुवारी, अरुण, भरही, केरुङ्गे, तुरिया, धनेवा आदि खोलाहरू दक्षिणतर्फ बगेर नारायणी नदीमा र देउसत, फुलमादी, निरन्दी र बुङ्दी खोलाहरू उत्तर तर्फ बगेर कालिगण्डकीमा मिसिएका छन् । यो क्षेत्र खास गरी फुस्रो माटो तथा ढुङ्गाले बनेको छ भने कतै-कतै बलौटे माटो पनि पाइन्छ । सिंचाई सुविधाको पर्याप्त व्यवस्था हुन नसक्दा यस क्षेत्रमा उल्लेखनीय रूपमा खाद्यान्न उत्पादन हुँदैन । यहाँ प्रायः मकै, कोदो, जौ र खोलाका फाँटहरूमा धानको खेती गर्ने गरिन्छ । अमिलो जातका फलफूल विशेषतः सुन्तला खेती र पशुपालनका लागि चरनको राम्रो सम्भावना भए तापनि आधारभूत पूर्वाधारको अभावका कारण यस क्षेत्रका बासिन्दा उक्त व्यवसायप्रति आकर्षित हुन सकेका छैनन् । जिल्लाको यस क्षेत्रमा खोरिया फडानी सामाजिक एवं आर्थिक समस्याको रूपमा लामो समयदेखि विद्यमान रहिआएको छ । यस प्रदेशको उच्च भेगमा लालिगुराँस, ठिंग्रे सल्लो, गोब्रो सल्लो तथा तल्लो भेगमा साल, सिसौ आदिका रूखहरू पाइन्छन् । जिल्लाका कूल ७३ गा.वि.स. मध्ये १७ गा.वि.स. हरू यस क्षेत्रमा पर्दछन् । डेढगाउँ, बुलिङ्टार, अर्खला, नगरडाँडा, व्याघन धौवादी यहाँका प्रमुख बस्तीहरू हुन् ।

### २.५.२ भित्री मधेस

महाभारत लेकको दक्षिण र चुरे पर्वतमालासँग जोडिएको पहिलो ओलिया प्रदेश भनी चिनिएको समथर भू-भागलाई भित्री मधेस भनिन्छ । जिल्लाको पूर्व-दक्षिणमा रहेको नवलपुर क्षेत्र नै भित्री मधेसका रूपमा रहेको छ । यो क्षेत्र पूर्वतिर सागुरिएको र दक्षिण-पश्चिमतिर निकै फुकेको छ । यो क्षेत्र समुद्री सतहबाट करिब ३०० देखि ५०० मि. सम्मको उचाईमा पर्दछ । यो क्षेत्र ३५ वर्ष अघिसम्म घना जङ्गलले ढाकिएको र औलोको प्रकोपले ग्रसित क्षेत्रको रूपमा चिनिन्थ्यो । यहाँको सालको जङ्गल नेपाल अधिराज्यमा सबभन्दा राम्रो मानिन्थ्यो । यस क्षेत्रको माटो दोमट, बलौटे दमोट र चिम्टाइलो भएकाले यहाँ खाद्यान्न बाली राम्रो हुने गर्छ । यस क्षेत्रमा विशेष गरी धान, मकै र गहुँ जस्ता खाद्यान्न बाली तथा तरकारी, तोरी र सुर्ति जस्ता नगदेबालीको खेती हुन्छ । यस क्षेत्रमा २० गा.वि.स. रहेका छन् । गैंडाकोट, रजहर, प्रगतिनगर, कावासोती, शिववस्ती, आरुङखोला, चोरमारा र दुम्किवास यहाँका प्रमुख बस्तीहरू हुन् ।

---

[१३] ऐजन, पृ. १४ ।

### २.५.३ तराई प्रदेश

चुरे पहाडको पश्चिम-दक्षिणी क्षेत्र परासी खण्डको समथर भू-भागलाई तराई भन्ने गरिन्छ । यो क्षेत्र दक्षिण-पूर्वमा नारायणी नदी, दक्षिणमा भारतीय सिमाना र पश्चिममा रूपन्देही जिल्लाको पूर्वी सिमानासम्म फैलिएको छ । यहाँको माटो चिम्टाइलो भएकोले यहाँ उखु, धान, गहुँ, दलहन र तेलहनको अतिरिक्त तरकारी खेती पनि राम्रो हुने गर्दछ । यो क्षेत्र समुन्द्र सतहबाट करिब ३०० मि. सम्मको उचाईमा रहेको छ । यस क्षेत्रमा ३६ गा.वि.स. र १ नगरपालिका रहेका छन् । सदरमुकाम परासी बजार, महेशपुर, गोपिगञ्ज, त्रिवेणी, बेलाटारी, वर्दघाट, सुनवल, भूमही, हकुई आदि यहाँका प्रमुख बजारहरू हुन् ।

## २.६ हावापानी

नवपलपरासी जिल्लाको भौगोलिक बनोटमा विविधता भएकाले यहाँको हावापानीमा पनि विविधता रहेको छ । यस जिल्लाको हावापानी निम्नानुसार रहेको छ :[१४]

(क) सम-शीतोष्ण हावापानी

(ख) उष्ण तथा अर्ध-उष्ण हावापानी

नवलपरासी जिल्लाका दुई खण्डमध्ये नवलपुर क्षेत्रको उत्तरमा पर्ने महाभारत प्रदेश ९१४ मिटरभन्दा माथि पर्दछ । यहाँको वायुको तापक्रम अधिकतममा ३६$^{\circ}$ सेल्सियस र न्यूनतम २०.५$^{\circ}$ सेल्सियस पुग्दछ । यहाँ धेरैजसो गर्मी मौसममा नै बढी पानी पर्दछ ।

नवलपरासीको भित्री मधेस तथा तराई क्षेत्रमा उष्ण तथा अर्ध-उष्ण हावापानी पाइन्छ । गर्मी मौसममा यस जिल्लाको भित्री मधेसमा केही गर्मी र ठण्डीमा पनि बढी जाडो हुन्छ तर तराई क्षेत्रमा भने गर्मी मौसममा बढी गर्मी र जाडोमा सामान्य जाडो हुन्छ । हिउँदका समयमा बिहान कुहिरो लाग्ने, शीत पर्ने र हातगोडा चिसोले ठिहिर्‍याउँछ तर दिनमा प्रायः घाम लाग्छ । जलवायुको यही विषमताका कारण पहिले (औलो रोग नियन्त्रण हुनुभन्दा अगाडि) औलो रोगको प्रकोप बढी मात्रामा देखिन्थ्यो र वस्ती पनि त्यतिबेला पातलो थियो तर हाल औषधि उपचारको सुविधाले गर्दा वस्ती बढ्दै गएको छ ।

नवलपरासीको तराई क्षेत्रतिर गर्मी मौसममा असाध्यै गर्मी हुने भएकाले यस मौसममा हैजा, ज्वरो आदि जस्ता रोगहरू प्रशस्त फैलिन्छन् । यसरी सन्तुलित हावापानी नभएका कारण यस जिल्लाको औसत वार्षिक वर्षा २१४५ मि.मि. रहेको छ ।[१५]

## २.७ प्राकृतिक वनस्पति

नवलपरासी जिल्लाको कुल क्षेत्रफल २०१६.१६ वर्ग कि.मि. मा ११९७.५६ वर्ग कि.मि. वनजंगलले ढाकेको छ ।[१६] यस जिल्लाका विशेष घना जङ्गल भएका क्षेत्रहरू गिरवारी, विष्णुनगर, तमासपुर हुन् । नवलपरासीको नलपुरमा साल, सतीसाल, विजयसाल, सिसौ, असना, खयर आदि रूखहरू पाइन्छन् भने परासी

---

१४ ऐजन, १६ ।

१५ ऐजन ।

१६ भगवती अर्याल, नवलपरासी जिल्लाका साहित्यिक गतिविधि, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०५६), पृ. ७ ।

क्षेत्रमा साल सिसौ, कर्मा, चाँप, विजयसाल, साज, असना, हर्रो, वर्रो, कदम, जमुना आदिका रूखहरू रहेका छन् ।

## २.८ पशुपक्षी

नवलपरासी जिल्लामा श्री ५ को सरकारबाट जंगल फडानी एवम् पुनर्वासको कार्यक्रम लागु गरिए तापनि यहाँ अझै घना जंगलहरू रहेका छन् । यस जिल्लामा रहेका वन जंगलहरू वन्यजन्तुका दृष्टिले महत्त्वपूर्ण छन् । यहाँ गैंडालगायत चितुवा, जंगली हात्ती, भालु, बँदेल, नीलगाई, चित्तल, घोरल, हरिण, दुम्सी, स्याल आदि जनावरहरू पाइन्छन् । त्यस्तै पक्षीहरूमा मयूर, चखेवा, कालिज, वन कुखुरा, सुगा, मैना, ढुकुर आदि रहेका छन् । यसका अतिरिक्त यस जिल्लामा गोमन अजिङ्गर, करेत आदि सर्पहरू पनि प्रशस्त रहेका छन् । यस जिल्लाको सिमाना भएर बग्ने नारायणी नदीमा गोही पनि त्यत्तिकै मात्रामा पाइन्छन् ।

## २.९ जलभण्डार

### (क) नदीनालाहरू

नवलपरासी जिल्लामा नारायणी, मङ्गलापुर, विनयी, उल्टी, वौलाहा, लोडी, देउसत, निरङ्दी, केरुङ्ग, फूलभारी, साँध, ककरसत, झरही, घनेवा, सतवर्ते, मुलङनाला, महाव, पिडरा, खजुरा, भुमही, झराही र तुरिया जस्ता ठूला साना नदी तथा खोलाहरू बहेका छन् । यी खोलाहरू वा नदीहरू कोही तिब्बतको दक्षिणी प्रदेशबाट सुरु भएर यस जिल्लामा आइपुगेका छन् भने धेरैजसो महाभारतको लेकबाट उत्पन्न भएर सिधा दक्षिणतर्फ बगेका छन् ।

## २.१० स्थानीय निकायको विभाजन

नवलपरासी जिल्ला वि.सं. २०५२ सालभन्दा पहिले ७७ गा.वि.स. मा विभाजित थियो । २०५२ सालमा जिल्लाको सदरमुकाम परासी सहित चार गा.वि.स. रामग्राम नगरपालिकामा परिणत भएपछि ७३ गा.वि. र एउटा नगरपालिका कायम भएका छन् ।[१७] वि.सं. २०३८ सालसम्म ५१ गाउँ पञ्चायत रहेको यस जिल्लामा २०३९ सालमा  सिमाना हेरफेर र थपघट गरी ७७ गाउँ पञ्चायत बनाइएको थियो । पञ्चायत कालमा जिल्लालाई नौ वटा इलाकामा विभाजन गरिएको थियो भने बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि १५ इलाकामा विभक्त गरिएको छ । विकेन्द्रीकरण ऐन, २०३९ र त्यसपछिको विकेन्द्रीकरण कार्यव्यवस्था नियमावली, २०४१ लागू भएपछि प्रत्येक जिल्लामा नौ वटा इलाका र प्रत्येक इलाकामा एक सेवाकेन्द्र रहने व्यवस्था भए बमोजिम यस जिल्लामा पनि नौ वटा इलाकामा नौ वटा सेवाकेन्द्र स्थापना गरिएको थियो । पछि जनसङ्ख्याको वृद्धि तथा सेवाको मागलाई समेत दृष्टिगत गरी १५ वटा इलाकामा विभाजन गरी १५ वटा सेवाकेन्द्र स्थापना गरिएको छ ।[१८] यसको अलवा कावासोतीमा इलाका प्रशासन, वन, मालपोत, खानेपानी, नापी, इलाका प्रहरी, विद्युत प्राधिकरण जस्ता कार्यालयहरू सञ्चालित छन् ।

नवलपरासी जिल्ला हाल एक नगरपालिका, ७३ गा.वि.स. र १५ इलाकामा विभाजित छ । प्रतिनिधिसभा सदस्यको निर्वाचनको दृष्टिकोणले यस जिल्लामा चर संसदीय निर्वाचन क्षेत्रमा विभाजन गरेको भए तापनि नेपालको आन्तरिक संविधान २०६३ ले छ वटा निर्वाचन क्षेत्रमा विभाजन गरेको छ । निर्वाचन क्षेत्र नं. एक मा

[१७] जिल्ला विकास समिति नवलपरासी, पूर्ववत्, पृ. १५ ।

[१८] ऐजन, पृ. १६ ।

गैंडाकोट, रतनपुर, मुकुन्दपुर, कोटघर, डाँडाभेरी, रजहर, अमरापुरी, दिव्यपुरी, वुलिङ्गटार, प्रगतिनगर, देवचुली, अर्खला गा.वि.स. पर्दछन् । क्षेत्र नं. दुई मा पर्ने गा.वि.स. हरू भारतीपुर, जैवशि, धौवादी, शिवमन्दिर, पिठौली, कावासोती, अग्यौली, देउराली, हुटसेकोट, रुचाङ्ग, रकुवा, डेढगाउँ, मिथुकरम हुन् । निर्वाचन क्षेत्र नं. तीन का गा.वि.स. हरू धुर्कोट, माकर, दुम्किवास, वेणीमणीपुर, राकाचुली, नयाँवेलहानी, मैनाघाट, पर्सोनी, तम्सरिया, नारायणी, कोल्हुवा, कुमारवर्ती हुन् । क्षेत्र नं. चार मा पर्ने गा.वि.स. हरू सुनवल, स्वाठी, रामनगर, अमरौठ, वन्जरिया, सुक्रौली, हकुइ, रामग्राम न.पा. हुन् । क्षेत्र नं. पाँच अन्तर्गत रहेका गा.वि.स. हरू सनई, पाल्ही गरेमी, कुश्मा, हरपुर, देवगाउँ, वडहरा दुवौलिया, तिलकपुर, मनरी, पञ्चनगर, जहदा, जमुनिया, दाउनेदेवी छन् भने क्षेत्र नं. छ अन्तर्गत पर्ने गा.वि.स. हरू रमपुरवा, रामपुर खडौना, भुजहवा, ठूलो खैरटवा, वैदौली, सोमनी, गुठीसूर्यपुरा, गुठी प्रसौनी, प्रतापपुर, रूपौलिया, कुडिया, नर्सही, त्रिवेनी, पक्लिहवा, सुस्ता हुन् ।

## २.११ जनसङ्ख्या

वि.सं. २०२८ सालको राष्ट्रिय जनगणनामा १४६४५८ जना अथवा २४३४६ परिवार रहेको नवलपरासी जिल्लामा २०३८ सम्म जनसङ्ख्या वृद्धि भएर ३०८८२८ जना अथवा ४९१५० परिवार सङ्ख्या पुगेको पाइन्छ । वि.सं. २०४८ को जनगणना अनुसार नवलपरासी जिल्लाको कुल जनसङ्ख्या ४३६२१७ रहेको पाइन्छ । वि.सं. २०५८ को जनगणना अनुसार नवलपरासी जिल्लामा ९८३४० घरधुरी अन्तर्गत ५६२८७० जनसङ्ख्या रहेको पाइन्छ । जस अन्तर्गत २७८२५७ जना पुरुष र २८४६१३ महिला सङ्ख्या रहेको पाइन्छ ।[१९] जुन जनसाङ्खिक विवरणलाई यस प्रकार देखाउन सकिन्छ ।

**तालिका नं. १**

**नवलपरासी जिल्लाको आधारभूत जनसाङ्खिक विवरण**

| क्र.सं. | विवरण | एकाई | मान |
|---|---|---|---|
| १. | महिलाको जनसङ्ख्या | जना | २८४६१३ |
| २. | पुरुषको जनसङ्ख्या | जना | २७८२५७ |
| ३. | जम्मा जनसङ्ख्या | जना | ५६२८७० |
| ४. | परिवार सङ्ख्या | सङ्ख्या | ९८३४० |
| ५. | औसत परिवार सङ्ख्या | जना | ५.७२ |
| ६. | वार्षिक जनसङ्ख्या वृद्धि | प्रतिशत | २.५५ |
| ७. | जनसङ्ख्या दोब्बर हुने अवधि | वर्ष | २८.२४ |
| ८. | जनघनत्व | जना प्रतिवर्ग कि.मी. | २६० |
| ९. | सहरी जनसङ्ख्या | प्रतिशत | ४.०२ |
| १०. | ग्रामीण जनसङ्ख्या | प्रतिशत | ९३.०८ |
| ११. | कुल प्रजनन दर | प्रतिशत | ४.७ |

***स्रोत*** : जनगणना, २०५८ ।

[१९] जिल्ला विकास समिति, पूर्ववत्, पृ. १५ ।

## २.१२ सामाजिक जनजीवन जाति, भाषा र धर्म

नवलपरासी जिल्लाको सामाजिक संरचना विविधतापूर्ण देखिन्छ । यहाँ अनेक जातजातिका मानिसहरूले बसोवास गरेको देखिन्छ । साथै तिनीहरूले बोल्ने भाषा र मान्ने धर्ममा पनि विविधता देखिन्छ । यस जिल्लाका आदिवासी थारूहरू हुन् । यिनीहरूको बोलीमा मागधी र अवधीको प्रभाव पाइन्छ । यस जिल्लामा बसोवास गर्ने सम्पूर्ण जातजातिहरू आफ्नै मातृभाषा बोल्दछन् । यिनीहरूले मान्ने धर्म संस्कृति पनि फरक रहेको पाइन्छ । यस जिल्लाका प्रमुख धार्मिक सम्प्रदायमा हिन्दु, बौद्ध र मुस्लिम रहेका छन् । साथसाथै भाषामा पनि विविधता रहेको छ । यस क्षेत्रका थारूहरूले भोजपुरी/अवधी भाषामा बोलचाल गर्दछन् भने अन्य ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, नेवार लगायतका जातजातिले नेपाली भाषाको प्रयोग गरेको देखिन्छ । नवलपरासी जिल्लामा जाति, भाषा र धर्मगत विविधताको प्रभाव सामाजिक जीवनमा परेको पाइन्छ । हिन्दु धर्मावलम्बीहरू दशैं, तिहार, रक्षाबन्धन, तीज, नागपञ्चमी आदि चाडपर्वहरू धूमधामसँग मनाउँछन् भने मुसलमानहरू मुहर्रम, इद जस्ता चाडहरू मनाउँदछन् । थारू जातिको मुख्य चाडपर्वमा माघे सङ्क्रान्ति, फागु, पिर्तपरव (सोह्रश्राद्ध) जितिया, गौर, नागपञ्चमी आदि हुन् । आजभोलि पहाडीयाहरूको प्रभावले गर्दा दसैं, तिहार जस्ता चाडपर्व पनि सामान्य रूपले मनाउने गर्दछन् ।

जाति, भाषा, धर्म संस्कृति आदिका पक्षबाट पनि विविधताको सङ्गमस्थलका रूपमा नवलपरासी जिल्ला रहेको छ । यहाँका बासिन्दाहरूमा लोग्ने मानिसहरू दौरा सुरुवाल, कमिज, पाइन्ट, टोपी, धोती, कुर्ता, पाइजामा आदि लगाउँछन् भने आइमाईहरू साडी, चोलो, कुर्ता सुरुवाल, ब्लाउज, सर्ट, पाइन्ट आदि लगाउँछन् ।

यस जिल्लाको पश्चिम परासी क्षेत्र विशेष गरी भारतीय संस्कारबाट प्रभावित भएकाले यहाँका महिलाहरू हातखुट्टामा मेहदी, रातोरङ्ग आदिले बुट्टा बनाउँदछन् । यस्तै पूर्वी क्षेत्र नवलपुरमा थारूहरूको बस्ती रहेको छ । यी थारूहरूमा महिला जातिले नीलडाम पारेर हातखुट्टा खोपाउँछन् । यिनीहरूले लगाउने गहनाहरू कुण्डल, कनासो, लोर, लुर्की, डरकसा, मठा, वाला, चुरी, औठी आदि हुन् । यस जिल्लाको भाषा र धर्म अनुसार जनसङ्ख्या विवरण यस प्रकार देखाउन सकिन्छ :

**तालिका नं. २**

**मातृभाषा अनुसार जनसङ्ख्या विवरण**

| क्र.सं. | मातृभाषा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १. | नेपाली | २२२६१२ | १०७१७७ | ११५४३५ |
| २. | मैथिली | १०६१ | ५८० | ४८१ |
| ३. | भोजपुरी | १८३४२२ | ९४१७९ | ८९२४३ |
| ४. | थारू (डगौरा/राना) | ५१४२४ | २५३९७ | २६०२७ |
| ५. | तामाङ | ३३९७ | १६९९ | १६९८ |
| ६. | नेवार | ६३३३ | ३०७४ | ३२५९ |
| ७. | मगर | ८००९४ | ३९०६४ | ४१०३० |
| ८. | अवधी | ५४ | ३१ | २३ |
| ९. | वान्तवा | १७७ | ८७ | ९० |
| १०. | गुरुङ | ९५०३ | ४४७६ | ५०२७ |

| | | | | |
|---|---|---|---|---|
| ११. | लिम्बु | ५७ | ३४ | २३ |
| १२. | बाजिका | ११ | ४ | ७ |
| १३. | उर्दु | ४४७ | १८८ | १४८ |
| १४. | राजवंशी | ७ | ३ | ४ |
| १५. | शेर्पा | ४६ | २२ | २४ |
| १६. | हिन्दी | ७५० | ४६६ | २८७ |
| १७. | सन्थाली | ११ | ६ | ५ |
| १८. | चेपाङ | २५ | १५ | १० |
| १९. | झाँगर/धंगार | १ | १ | ० |
| २०. | सुनुवार | ११ | ७ | १४ |
| २१. | बंगला | ६६ | ३८ | २८ |
| २२. | मारवाडी | ७ | २ | ५ |
| २३. | माझी | १०४ | ५७ | ४७ |
| २४. | थामी | १ | १ | ० |
| २५. | धिमाल | ४ | २ | २ |
| २६. | भुजेल/खवास | ५ | २ | ३ |
| २७. | दराई | ५८१ | २८१ | ३०७ |
| २८. | कुमाल | ६६४ | ३२१ | ३४३ |
| २९. | थकाली | ३८ | १७ | २१ |
| ३०. | नेपाली सिंह | १६४ | ८१ | ८३ |
| ३१. | जिरेल | ८ | ३ | ५ |
| ३२. | लेप्चा/लाप्चे | ५ | २ | ३ |
| ३३. | बोटे | ११७१ | ५८८ | ५८३ |
| ३४. | व्याङशी | २ | १ | १ |
| ३५. | लोहोरुङ | २ | ० | २ |
| ३६. | पन्जाबी | ३ | २ | १ |
| ३७. | चाइनिज | २ | ० | २ |
| ३८. | अंग्रेजी | ११ | ५ | ६ |
| ३९. | संस्कृत | ३ | ३ | ० |
| ४०. | ओरिया | ४ | २ | २ |
| ४१. | थाहा नभएको | ४६१ | २२८ | २३३ |
| | जम्मा | ५६२८७० | २७८२५७ | २८४६१३ |

***स्रोत :*** जनगणना, २०५८ ।

## २.१३ मठ मन्दिर तथा धार्मिक स्थलहरू

नवलपरासी जिल्लाका बासिन्दाहरूको आफ्नै किसिमका परम्परागत सांस्कृतिक जीवनपद्धति छ । यस जिल्लामा प्रशस्त मठ मन्दिर तथा धार्मिक स्थलहरू रहेका छन् । यस जिल्लामा रहेका प्रमुख मठ मन्दिरहरू मौलाकालिका मन्दिर, कुमारवर्ती मन्दिर, त्रिवेणीमा रहेका शिवपुरगढी, स्वामी वालपुरी मठ,

लक्ष्मी नारायण मन्दिर, शिव मन्दिर, मुक्तेश्वर शिवालय मन्दिर, रामजानकी मन्दिर, ठाकुरबाबा मन्दिर आदि हुन् भने यस जिल्लाका मुख्य धार्मिक स्थलहरू दाउन्ने देवी, कैलाश आश्रम, त्रिवेणी धाम, मदारथान, वर्दगोरीया कुटी, रामग्राम स्तूप, पाल्ही भगवती, देवघाट धाम आदि हुन् ।[२०]

## २.१४ शिक्षा र स्वास्थ्य

वि.सं. २०१९ सालसम्म नवलपरासी जिल्लाका आदिबासीहरूको शैक्षिक स्थिति खासै उल्लेख योग्य नदेखिए तापनि त्यस पछिका वर्षहरूमा यस जिल्लाले शिक्षाको क्षेत्रमा विकासको गति लिइरहेको पाइन्छ । २०१९ सालभन्दा अगाडि यस जिल्लामा बसोवास गर्ने जनसङ्ख्या कम भएका कारण र आदिवासी थारू जातिहरूले शिक्षाप्रति त्यति चासो नदिएका कारण पनि शिक्षाले गति लिन नसकेको हो । वि.सं. २०२१/२२ सालपछि जब सँगसँगै शिक्षाप्रति जागरुक पनि हुन थाले । पहाडीयाहरू बसाइ सराई गरेर आउन थाले । त्यसपछि जिल्लाका विभिन्न ठाउँहरूमा विद्यालयको स्थापना हुन थाल्यो र यस जिल्लाका बासिन्दाले शिक्षाको ज्योति प्राप्त गर्ने अवसर हासिल गरे । वि.सं. २०२० सालसम्म थोरैमात्र विद्यालयहरू भएको यस जिल्लामा हाल संस्थागत र सामुदायिक विद्यालयतर्फ गरी ६३६ प्राथमिक विद्यालय, २३६ निम्न माध्यमिक विद्यालय १४४ माध्यमिक विद्यालय, ४५ उच्च माध्यमिक विद्यालय, १४ वटा स्नातकसम्म अध्ययन अध्यापन हुने क्याम्पस र दुईवटा स्नातकोत्तर तहसम्मका क्याम्पस रहेका छन् ।[२१] यसका बाहेक मदरसा एवम् आश्रम तर्फ ३६ वटा प्राथमिक विद्यालय रहेका छन् ।

स्वास्थ्यको क्षेत्रमा नवलपरासी जिल्लाको अवस्था मध्यम रहेको देखिन्छ । यस जिल्लाको सदरमुकाम परासीमा एउटा जिल्ला अस्पताल रहेका पाइन्छ । यस जिल्लाका विभिन्न भागहरूमा विभिन्न उपचार केन्द्रहरू, स्वास्थ्य चौकीहरू र उपस्वास्थ्य चौकीहरू रहेका पाइन्छन् । जिल्ला अस्पताल र केही उपचार केन्द्रहरूमा बिरामीको सघन उपचार र केही बेडहरूको व्यवस्था पनि गरिएको पाइन्छ । त्यसैगरी निजी क्षेत्रमा केही अस्पताल, उपचार केन्द्रहरू र औषधालयहरू र आयुर्वेदिक औषधालयहरू रहेका पाइन्छन् । यस जिल्लामा रहेका स्वास्थ्य सेवा केन्द्रहरूको जानकारी यस प्रकार छ :

**तालिका नं. ३**
**नवलपरासी जिल्लामा रहेका स्वास्थ्य सेवा केन्द्रहरूको विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १. | जिल्ला अस्पताल (१५ शैयाको) | १ |
| २. | प्राथमिक स्वास्थ्य केन्द्र | ५ |
| ३. | स्वास्थ्य चौकी | ८ |
| ४. | उप-स्वास्थ्य चौकी | ६३ |
| ५. | आयुर्वेद औषधालय | ५ |
| ६. | परिवार नियोजन संघ | १ |
| ७. | आँखा उपचार केन्द्र | १ |
| ८. | निजी अस्पताल | २ |

[२०] ऐजन, पृ. २१ ।

[२१] ऐजन, पृ. १९ ।

| | | |
|---|---|---|
| ९. | खोप केन्द्र | ३३८ |
| १०. | महिला स्वास्थ्य स्वयंसेवक | ७१२ |

## २.१५ निष्कर्ष

नवलपरासी जिल्ला नेपालको पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलमा पर्ने छ वटा जिल्लामध्ये एउटा हो । पहिलेदेखि विभिन्न गाउँ पञ्चायतमा विभाजित यो जिल्ला अहिले त्रिहत्तर गा.वि.स., पन्ध्र इलाका र छ वटा निर्वाचन क्षेत्रमा विभाजित छ । विभिन्न भाषा बोल्ने विभिन्न जातजातिको बसोवास भएको यस जिल्लाका मानिसहरू एक आपसमा मिलेर सामञ्जस्य र धार्मिक सहिष्णुताका साथ जीवन निर्वाह गरिरहेका छन् । यहाँका जनता आफ्नो जिल्लाको विकासका लागि अग्रसर देखिन्छन् । आफ्नो संस्कृति, रीतिरिवाज, धर्म, संस्कारलाई नबिर्सिकन अगाडि बढिरहेका छन् ।

यो जिल्ला प्राचीन र मध्यकालीन समयदेखि आधुनिक कालसम्म नै ऐतिहासिक, भौगोलिक, धार्मिक, राजनैतिक आदि दृष्टिकोणले यस जिल्लामा शिक्षा र स्वास्थ्यका क्षेत्रमा पनि राम्रै देखिन्छ । यहाँका जनता सबै एकजुट भई आफ्नो जिल्लाका विभिन्न विकासको कार्यमा अग्रसर भएको देखिन्छ । यसरी हेर्दा यो जिल्लामा प्रायः सबै क्षेत्रमा उल्लेख्य रहँदै आएको छ ।

तेस्रो परिच्छेद

# नवलपरासी जिल्लाको साहित्यिक पृष्ठभूमि र निबन्धकारहरूको सर्वेक्षण

## ३.१ नवलपरासेली साहित्यको पृष्ठभूमि

नवलपरासी जिल्लाका आदिवासी थारू जाति हुन् । यहाँ पुराना वस्तीहरू पातला रहेका र घना जङ्गल भएको यस जिल्लामा औलो उन्मूलन भएपछि मात्र व्यवस्थित रूपमा पुनर्वास क्षेत्रमा विभिन्न जातजातिको बसोवास हुन गएको देखिन्छ । पहाडी क्षेत्रबाट बसाइँ सरेर आउने विभिन्न जातजातिहरूले यस जिल्लामा विभिन्न भाषाभाषी र जातजातिको समागम हुन गएको हो । यहाँको जनजीवन विविधतापूर्ण तथा रोचक हुन गएको हो । यहाँ आदिवासीहरू शैक्षिक क्षेत्रमा निष्क्रिय रहेकाले यस जिल्लामा अन्य पहाडी जिल्लाबाट बसाइ सरेर आउने विभिन्न जातजातिहरू शैक्षिक क्षेत्रमा क्रियाशील रहेका र साहित्यिक क्षेत्रमा अग्रसर रहेकाले यहाँ साहित्यिक वातावरणले वि.सं. २०२१/२२ देखि अङ्कुराउने अवसर पाएको देखिन्छ । पहाडी क्षेत्रबाट बसाइ सरेर आउनेहरूले यस जिल्लामा आउनुपूर्व कतिपयले साहित्यिक सिर्जना अभ्यास गर्न थालेका र साहित्यिक वातावरण पाएकाले यस जिल्लामा प्रवेश पश्चात् साहित्य सिर्जनामा लागेका देखिन्छन् र उनीहरूले नै यस जिल्लामा साहित्यको जग बसालेको देखिन्छ ।[२२] यहाँका कवि साहित्यकारहरूले छिटफुट रूपमा रचना गरे तापनि प्रकाशन भने वि.सं. २०२१ मा गोविन्दराज विनोदीको 'रिस' शीर्षकको कविताबाट भएको देखिन्छ । कृति प्रकाशन भने वि.सं २०३१ सालमा वामदेव पण्डितको 'ब्रह्माण्डभित्र' कविता सङ्ग्रहबाट मात्र थालनी भएको देखिन्छ ।[२३] यस क्रममा हालसम्म विभिन्न कृति, पत्रपत्रिकाहरू प्रकाशन र साहित्यिक संघ संस्था र गतिविधि सञ्चालन भएको पाइन्छ ।

---

[२२] भगवती अर्याल, पूर्ववत्, २०५६, पृ. २० ।

[२३] टंकप्रसाद काफ्ले, नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्वगत विशेषता, (अप्रकाशित, स्नातकोत्तर तह, शोधपत्र, त्रि.वि., काठमाडौँ, २०६३), पृ. १३ ।

## ३.२ नवलपरासेली साहित्यको विकासक्रम

वि.सं. २०२१-२२ देखि कविता प्रकाशन र २०३१ देखि कृति प्रकाशनको थालनी भएको नवलपरासीको साहित्यिक यात्राले वर्तमानसम्म (२०६८ सालसम्म) आइपुग्दा करिब ४७-४८ वर्षको यात्रा पुरा गरेको देखिन्छ । यस अवधिमा नवलपरासीका साहित्यकारहरूबाट साहित्यका विविध विधामा कलम चलाएको पाइन्छ र थुप्रै साहित्यिक कृतिहरू प्रकाशित भएका देखिन्छन् । विभिन्न पत्रपत्रिकाको प्रकाशन, संघ संस्था स्थापना र साहित्यिक गतिविधि पनि अत्यधिक रूपमा सञ्चालन भइरहेको देखिन्छ । यस दृष्टिले नवलपरासेली साहित्यको लगभग पाँच दशक लामो अवधिलाई चरणगत रूपमा विभाजन गरेर अध्ययन गर्ने प्रयास यहाँ गरिएको छ । नवलपरासेली साहित्यको विकासक्रमलाई चरणगत रूपमा विभाजन गर्दा निम्न तीन चरणहरू देखा पर्दछन् ।

(१) प्रथम चरण (सुरुवातदेखि वि.सं. २०४६ सालसम्म)

(२) द्वितीय चरण (वि.सं. २०४७ देखि २०५४ सम्म)

(३) तृतीय चरण (वि.सं. २०५५ देखिल हालसम्म)

यसरी चरणगत रूपमा हेर्दा प्रथम चरणको समयावधि लेखनको अभ्यासकाल र प्रकाशनको सुरुवात काल हो भने दोस्रो चरण लेखन प्रकाशनको विकासकाल तथा तृतीय चरण लेखन र प्रकाशनका दृष्टिले पनि उर्वर र उत्कर्षकाल हो ।[२४] यी तीन चरणलाई चरणबद्ध रूपमा सङ्क्षिप्त चर्चा गर्ने प्रयास यहाँ गरिएको छ ।

### (१) प्रथम चरण (सुरुवातदेखि वि.सं. २०४६ सम्म)

नवलपरासेली साहित्य सिर्जना परम्पराको थालनीदेखि वि.सं. २०४६ सम्मको अवधि प्रथम चरण हो । वि.सं. २०२१ सालमा कवि गोविन्दराज विनोदीको कविता चितवन मा.वि. को वार्षिक मुखपत्र 'चितवनको चिनो' मा 'रिस' शीर्षकमा प्रकाशन भएको देखिन्छ भने त्यसपूर्व पनि कविता लेखन परम्परा रहेको अनुमान गरिए तापनि ठोस प्रमाणको अभावमा वि.सं. २०२१ लाई नै नवलपरासेली साहित्यको सिर्जना परम्पराको थालनी मानिन्छ ।[२५] थालनीदेखि वि.सं. २०४६ सम्मको २७

---

[२४] भगवती अर्याल, पूर्ववत्, २०६३, पृ. ९ ।

[२५] ऐजन, पृ. १० ।

वर्षको अवधि नै नवलपरासेली साहित्यको प्रथम चरण र अभ्यासकाल पनि हो । कविताको प्रकाशनबाट सुरुवात भएको नवलपरासेली साहित्यमा कृति प्रकाशन भने एक दशकपछि मात्र भएको देखिन्छ । नवलपरासीको पहिलो कृति वामदेव पण्डितको 'ब्रह्माण्डभित्र' कविता सङ्ग्रह वि.सं. २०३१ देखि मात्रै नवलपरासेली साहित्यमा कृति प्रकाशनको थालनी भएको देखिन्छ ।[२६] यस क्रममा केशवानन्द सापकोटाको 'भक्ति भगीरथी' (२०३४) कविता सङ्ग्रह, वामदेव पण्डितकै 'हाम्रा पूर्वज' खण्डकाव्य (२०४०), भूपेन्द्र शर्मा भट्टराईको 'शिववस्तीदेखि शिववस्तीसम्म' कविता सङ्ग्रह (२०४५) र तीर्थराज कोइरालाको 'विजया-आविर्भाव' खण्डकाव्य (२०४६) कृतिहरू प्रकाशित भएको पाइन्छ । यस चरणका कृतिहरूका मूल प्रवृत्तिमा भगवान र धर्मप्रति आस्था, सत्कर्म र धर्ममा लाग्न आग्रह, मानव कल्याण गर्न आग्रह, आध्यात्मिकताप्रति जोड जस्ता भक्तिधाराका प्रवृत्तिहरू अघिल्ला दुई कृति 'ब्रह्माण्डभित्र' र 'भक्ति भगीरथी' मा पाइन्छन् भने पछिल्ला तीन कृतिहरू 'हाम्रा पूर्वज', 'शिववस्तीदेखि शिववस्तीसम्म' र 'विजया-अभिर्भाव' मा मानवीय अस्तित्वको चिन्तन, कल्पनाशीलता, सरलता, सहजता, हार्दिकता जस्ता स्वच्छन्दतावादी प्रवृत्तिहरू पाइन्छन् ।

यस चरणमा कविता र खण्डकाव्य बाहेक अन्य विधाका कृति भने प्रकाशित भएको पाइँदैन । पत्रपत्रिकाको प्रकाशन भने यसै अवधिदेखि भएको देखिन्छ । वि.सं. २०३५ देखि 'त्रिवेणी' साप्ताहिक लगायत 'लाली गुराँस' साप्ताहिक (२०३७), 'नयाँ आवाज' साप्ताहिक (२०४४) जस्ता पत्रिकाहरूको प्रकाशनले यस अवधिमा स्रष्टाका रचना प्रकाशति गरेर साहित्य सिर्जनामा प्रोत्साहन प्रदान गरेको देखिन्छ ।[२७] साहित्यिक गतिविधि न्यून रहेको यो चरण नवलपरासेली साहित्यको अभ्यासकालको रूपमा रहेको देखिन्छ ।

**(२) द्वितीय चरण (वि.सं. २०४७ देखि २०५४ सम्म)**

नवलपरासी जिल्लाको साहित्यिक यात्राको दोस्रो चरण वि.सं. २०४७ देखि २०५४ सम्मको आठ वर्षको अवधि हो । वि.सं. २०४६ सालको जनआन्दोलन र त्यसको परिणाम स्वरूप देशमा भित्रिएको प्रजातन्त्र र प्रजातन्त्रले देशका हरेक

[२६] ऐजन, पृ. ११ ।

[२७] टंकप्रसाद काफ्ले, पूर्ववत्, पृ. २० ।

क्षेत्रमा ल्याएको उमङ्ग र स्वतन्त्रताको लहरसँगै साहित्यले पनि मौलाउने सुअवसर प्राप्त गरेको हुनाले नवलपरासी जिल्लामा पनि साहित्य उर्वर हुन थालेको हो । यस सन्दर्भमा नवलपरासीमा कृति प्रकाशन र पत्रपत्रिका प्रकाशनमा पनि प्रथम चरणभन्दा व्यापकता आएको देखिन्छ । कविता, खण्डकाव्यका साथै निबन्ध विधाको प्रथम कृति लगायत अन्य विधाका कृतिहरूको प्रकाशन थालनी हुनुले पनि नवलपरासेली साहित्यमा दोस्रो चरणको प्रवेश गराएको देखिन्छ । कविताको बृहत् रूप महाकाव्यको अवतरण पनि यसै चरणमा पं. रामनाथ खनालको 'प्रजातन्त्रोदय' (२०४८) महाकाव्यबाट भएको पाइन्छ ।[२८] अर्को महत्त्वपूर्ण महाकाव्य 'पाण्डु' (२०४९) पनि पं. रामनाथ खनालकै यसै चरणमा प्रकाशित भएको देखिन्छ । नवलपरासेली साहित्यमा निबन्ध विधाको प्रथम प्रकाशित कृति हुमकान्त पाण्डेको 'आँसुका अक्षरहरू' (२०४७) निबन्ध सङ्ग्रह पनि यसै चरणमा प्रकाशत भएको पाइन्छ । साथसाथै डा. नारायणप्रसाद खनालको वि.सं. २०४८ मा प्रकाशित 'केही रहर केही ठहर' समालोचना सङ्ग्रह तथा रामहरि अधिकारीको वि.सं. २०५१ मा प्रकाशित 'अपशोच' कथा सङ्ग्रह यसै चरणमा प्रकाशित क्रमशः समालोचना र कथाका प्रथम प्रकाशित कृति बन्न पुगेका छन् । यस चरणको अन्त्यतिर प्रकाशित टीकाराज पाण्डेको 'उपहार तिमीलाई' उपन्यास नवलपरासेली साहित्यमा प्रथम प्रकाशित उपन्यास कृति बन्न पुगेको छ । यसरी यस चरणमा नाटक बाहेक साहित्यका अन्य सम्पूर्ण विधाका करिब तीन दर्जनभन्दा बढी कृतिहरू प्रकाशित भएका पाइन्छन् ।

यस चरणमा नवलपरासीको साहित्यिक गतिविधि, संघ संस्थाको स्थापना र पत्रपत्रिकाको प्रकाशनमा पनि तीव्रता आएको देखिन्छ । वि.सं. २०४८ सालमा 'देवचुली' र 'सौदामिनी' जस्ता साहित्यिक पत्रिकाको प्रकाशन तथा वि.सं. २०४७ मा 'त्रिवेणी साहित्य परिषद्', वि.सं. २०४८ मा 'सौदामिनी साहित्य परिषद्' वि.सं. २०५० मा 'परासी साहित्य समाज' तथा 'सर्वनाम नाट्य समूह' को स्थापना र तिनका विविध साहित्यिक गतिविधि सञ्चालनले यस चरणमा नयाँ प्रतिभाहरूको लेखनमा प्रोत्साहन प्रदान गर्ने कार्य गरेको देखिन्छ । यस दृष्टिले प्रथम चरणका

---

[२८] ऐजन, पृ. २१ ।

तुलनामा यस चरणमा नवलपरासीको साहित्य प्रौढावस्थातिर ढल्केको पाइन्छ । यो चरण नवलपरासेली साहित्यको विकासकाल पनि हो ।

### (३) तृतीय चरण (वि.सं. २०५५ देखि हालसम्म)

नवलपरासी जिल्लाको साहित्यिक यात्राको तेस्रो चरण वि.सं. २०५५ देखि हालसम्मको अवधिलाई लिन सकिन्छ । यो चरण नवलपरासेली साहित्यको उत्कर्ष काल पनि हो । यस चरणमा नवलपरासेली साहित्यमा विभिन्न विधाका थुप्रै कृतिहरू (करिब ९ दर्जन कृतिहरू) प्रकाशित भएको पाइन्छ । यस चरणमा अघिल्ला दुई चरणमा प्रकाशित सम्पूर्ण विधाका कृतिहरूको प्रकाशनमा सङ्ख्यात्मक र गुणात्मक रूपमा अत्यन्त तीव्रता आउनुका साथै नाटक, गीत, गजल, हाइकु, मुक्तक विधाका विभिन्न कृतिहरू पनि प्रकाशित भएको देखिन्छ । यसै चरणमा कविताको बृहत् रूप महाकाव्य विधाका दुई उल्लेखनीय कृतिहरू 'तीन युग एक कथा' (२०६०) र 'अग्निज्वाला' (२०६१) महाकाव्य प्रकाशित भएको पाइन्छ । यी दुवै कृति नवलपरासीका साहित्यकार सदानन्द अभागीद्वारा रचना गरिएका हुन् । कृति प्रकाशनका दृष्टिले पनि यो चरण अत्यन्त उर्वर रहेको पाइन्छ । यस चरणका साहित्यकारहरूले अरू चरणका भन्दा केही फरक ढाँचाका विषयवस्तुमा कलम चलाएको पाइन्छ । अहिले पछिल्लो चरणमा आएर अन्य विधामा भन्दा गजल र मुक्तकका कृतिहरू प्रकाशन ह्वात्तै बढेको पनि पाउन सकिन्छ ।

यस चरणमा नवलपरासी जिल्लामा साहित्यिक संघ संस्था स्थापना, पत्रपत्रिका प्रकाशन र साहित्यिक गतिविधिमा तीव्रता आएको देखिन्छ । यस चरणमा 'इन्दु', 'इन्द्रधनुष', 'सहयात्री' जस्ता पत्रपत्रिका प्रकाशनले पनि उर्वरता थपेको पाइन्छ । 'नवलपरासी साहित्य परिषद्' (२०५९) ले मासिक रूपमा घुम्ती साहित्यिक कार्यक्रम सञ्चालन, वार्षिक रूपमा स्रष्टा सम्मान र स्रष्टाका कृतिहरू समेत प्रकाशन गर्दै आएको पाइन्छ । यस्तै 'त्रिवेणी साहित्य परिषद्' ले पनि विभिन्न साहित्यकारका कृतिहरू प्रकाशनमा सहयोग पुऱ्याउँदै आइरहेको पाइन्छ । यसका साथै यस जिल्लामा रहेका 'अमिट स्मृति साहित्यिक यूवा समूह', 'लक्ष्मी स्मृति साहित्य समाज' जस्ता विभिन्न संघ संस्थाले पनि विभिन्न स्रष्टा सम्मान र साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका पाइन्छन् । अन्य छिटफुट रूपमा साहित्यिक कार्यक्रम सञ्चालन र पत्रपत्रिका प्रकाशन गर्दै आइरहेका संघ

संस्थाहरूको सङ्ख्या पनि डेढ दर्जनभन्दा बढी रहेको पाइन्छ । यस दृष्टिले नवलपरासेली साहित्यको यस चरणलाई उत्कर्ष काल वा स्वर्णकालका रूपमा पनि लिन सकिन्छ । यसले नवलपरासेली साहित्यको यात्रालाई उर्वर र भविष्यलाई उज्वल बनाउने सुनिश्चित देखिन्छ ।

## ३.३ कविता

नवलपरासेली साहित्यमा कविता विधाको प्रारूपलाई केलाउँदा यो विधा अन्य विधाहरूभन्दा अगाडि देखा परेको पाइन्छ । नवलपरासेली साहित्यमा देखिएको पहिलो विधा कविता हो । वि.सं. २०२१ सालदेखि कविता प्रकाशन हुँदै आए तापनि कविताको कृति भने वि.सं. २०३१ सालमा मात्र प्रकाशित हुन पुग्यो । वामदेव पण्डितको 'ब्रह्माण्डभित्र' (२०३१) नै नवलपरासेली साहित्यमा देखिएको पहिलो प्रकाशित कृति तथा कविता सङ्ग्रह हो । त्यस पश्चात् केशवानन्द सापकोटाको 'भक्ति भगीरथी' (२०३४), गोविन्दराज विनोदीको 'मेरो वर्तमानता' (२०४७), सदानन्द अभागीको 'आफ्नै व्यथाहरू' (२०५७), डी.डी. शर्माको 'प्रतिध्वनि' (२०६५), पुष्पराज कोइरालाको 'विहानी र आकाश', रामहरि अधिकारीको 'नारायणी' लगायत करिब चारदर्जन कविता सङ्ग्रह प्रकाशित भएका पाइन्छन् ।

नवलपरासी जिल्लाका कविहरूले कविताको मझौला रूप मानिने खण्डकाव्य र बृहत् रूप मानिने महाकाव्यका पनि कृति प्रकाशन गरेका छन् । नवलपरासी जिल्लाका प्रमुख खण्डकाव्यकार र तिनका खण्डकाव्य कृतिहरू केदारनाथ उपाध्यायको 'संसारदेखि लाग्छ सारै उराठ' (२०४६), रामनाथ खनालको 'भूइचालो' (२०४८), रामहरि शर्मा गैरेको 'राज्यवती' काव्य, हरिप्रसाद उपाध्यायको 'नाति' लगायत एक दर्जन खण्डकाव्यकार र तिनका खण्डकाव्य कृतिलाई लिन सकिन्छ । देशप्रेम, राष्ट्रियता, सामाजिक जीवन, पौराणिकता जस्ता विविध विषयवस्तु पाइने यी खण्डकाव्यहरूका मूल प्रवृत्ति प्रगतिवादी स्वच्छन्दतावाद नै रहेका पाइन्छन् । यसका साथसाथै नवलपरासेली महाकाव्य कृतिहरूमा रामनाथ खनालका 'प्रजातन्त्रोदय', 'पाण्डु', सदानन्द अभागीका 'तीन युग : एक कथा', 'अग्निज्वाला' लगायतका कृतिहरूलाई लिन सकिन्छ । यी महाकाव्यहरू स्वच्छन्दतावादी भावधारामा सिर्जित रहेका छन् ।

नवलपरासी जिल्लाका कविहरूद्वारा कविताको लघुत्तम रूप मुक्तक विधामा पनि कलम चलाउने गरेको देखिन्छ। मुक्तक विधाका कृति प्रकाशित गर्नेहरूमा ओमप्रकाश अधिकारीको 'गुलावको फूल र मौरीहरू' (२०५३), सरोज उजाडको 'विषकन्या' (२०६०), श्यामप्रसाद न्यौपानेको 'सोह्रदुनी आठ' (२०६२) जस्ता मुक्तक कृतिहरू प्रकाशित भएका पाइन्छन् । समसामयिक विषयवस्तुलाई समेटेर लेखिएका यी मुक्तकका मूल स्वर प्रगतिवादी रहेको पाइन्छ ।

नवलपरासेली साहित्यमा गीत र गजल विधामा कलम चलाउने साहित्यकारको सङ्ख्या पनि तीन दर्जनजति रहेको पाइन्छ । गजल विधामा खगेन्द्र बस्यालको 'दैलातुङका फाँटबाट सुरु भएको यात्रा' (२०४९) मा प्रकाशित गजल सङ्ग्रहले गजल विधाको कृति प्रकाशनको सुरुवात गरेको पाइन्छ । यस क्रममा डा. घनश्याम न्यौपाने 'परिश्रमी' का 'यो मौसम' (२०५०), 'घामको छहारीमा' (२०५३) र 'जून चुहेको रात' (२०६०), गोविन्दराज विनोदीको 'निर्मम-निर्मम घडीहरू' (२०५६), रमेश हरिलट्टकका 'दवाइएका स्वरहरू' (२०५७), 'जिन्दगीको कहानीमा' (२०६१), सरोज उजाडको 'लौ' (२०५७), हरिप्रसाद लम्फको 'पिडाका धब्बाहरू' (२०५८), श्यामप्रसाद न्यौपानेको 'बोली गजबको' (२०५९), उपेन्द्र प्रधान विरहीको 'टुटेको आवाज' (२०६०), विष्णुमाया विभुको 'कस्तो रहेछ जीन्दगी' (२०६०), 'लेखराम सापकोटाको 'श्रद्धाका फूलहरू' (२०६२), गोरखसागर खत्रीको 'फूल मुस्कुराउँदा' (२०६२) जस्ता गजल कृतिहरू प्रकाशित भएका पाइन्छन् ।

गीति क्षेत्रमा भने इन्द्र शाहीको वि.सं. २०४९ मा प्रकाशित 'नौलो परिचय' गीति सङ्ग्रहबाट कृति प्रकाशनको थालनी भएको पाइन्छ ।[२९] यस क्रममा इन्द्र शाहीकै 'परेलीमा सगाले' (२०५२), कृष्णदेवी शर्माका 'अत्याचारी घर' (२०५९), 'प्रजातन्त्रमा प्रश्नचिन्ह' (२०६०) लगायत प्रचण्ड बुढाथोकी र भगवती अर्यालका गीति सङ्ग्रह प्रकाशित भएका पाइन्छन् । समसामयिक विषयवस्तुहरू प्रेमप्रणय, मिलन, विछोडा, जीवन, समाज, राष्ट्र आलिाई विषयवस्तु बनाएर लेखिएका यी गीत गजलका मूल स्वर शृङ्गारिक व्यापकता रहेको स्वच्छन्दतावाद नै देखिन्छ ।

[२९] ऐजन, पृ. २२ ।

## ३.४ कथा

नवलपरासेली साहित्यमा कथाको प्रकाशन सुरुवात केही समय पहिलेदेखि भए तापनि कथा कृतिको प्रकाशन भने पचासको दशकदेखि मात्र भएको पाइन्छ । रामहरि अधिकारीको 'अपशोच' (२०५१) कथा सङ्ग्रह नै यस क्षेत्रको पहिलो कृति हो ।[३०] त्यस क्रममा रामहरि अधिकारीकै 'बाबुको चेलो' (२०५५), दिनेश शर्मा 'लहर' को 'अन्धोप्रेम' (२०५७), सरोज उजाडको 'मात्र शंका अरू केही होइन' लघुकथा सङ्ग्रह, कृष्णदेवी शर्माको 'घरबेटी भाउजू', सदानन्द अभागीको 'पश्चातापको आँशु', गोपी सापकोटाको बालकथा सङ्ग्रह, ओमप्रकाश अधिकारीको 'बिस्तारै आउनुहोस् स्वर्गमा ठाउँ छैन' जस्ता कृतिहरू प्रकाशित भएका छन् । कथा सङ्ग्रह प्रकाशित नगरेका विभिन्न पत्रिकाहरूमा कथा प्रकाशित र्ने कथाकारहरूमा नवचेतनावादी प्रवृत्तिहरू विशेष रूपमा फेला पर्दछन् भने सरोज उजाडका 'विज्ञान' कथाहरू पनि प्रकाशन भएका पाइन्छन् । समग्रमा हेर्दा नवलपरासीका कथाकारहरूका कथामा सामाजिक यथार्थवादी र नवचेतनावादी प्रवृत्तिहरू प्रमुख रूपमा देखा पर्दछन् ।

## ३.५ उपन्यास

नवलपरासेली साहित्यमा धेरैपछि मात्र देखिएको मौलाउन नसकेको विधा हो उपन्यास अन्य विधाहरूको तुलनामा उपन्यास विधा नवलपरासेली साहित्यमा प्रारम्भिक कालको आभ्यासिक चरणमा नै रहेको देखिन्छ । सङ्ख्यात्मक र गुणात्मक रूपमा पनि यस विधाका कृतिहरू न्यून देखिन्छन् । वि.सं. २०५४ सालदेखि मात्र यस जिल्लामा उपन्यासका कृति प्रकाशन भएको पाइन्छ ।[३१] टीकाराज पाण्डेको 'उपहार तिमीलाई' (२०५४), महेशप्रसाद लामिछानेको 'विनासको आगो', हरि बस्ताकोटीको 'विरानिएका पाइलाहरू', सदानन्द अभागीका 'जीवनलिला', 'नियति' र 'तन्नेरी हजुरबा' जस्ता औपन्यासिक कृतिहरू प्रकाशित भएका देखिन्छन् । सामाजिक परिवेश र जनजीवनलाई विषयवस्तु बनाएर लेखिएका यी उपन्यासहरू

---

३० ऐजन, पृ. २३ ।

३१ भगवती अर्याल, पूर्ववत्, १६८ ।

उपन्यासका तत्त्वका दृष्टिले अत्यन्त र कमजोर तथा सामाजिक यथार्थ र स्वच्छन्दतावादी प्रवृत्तिका रहेका पाइन्छन् ।

## ३.६ नाटक

नवलपरासेली साहित्यमा देखिएको सबैभन्दा कान्छो विधा नाटक हो ।[३२] यस क्षेत्रका प्रतिभाहरूमा नाट्यलेखनप्रति ढिलो सचेतना जाग्नु नै यसको कारण रहेको छ । गोपी सापकोटाको सक्रियतामा 'सर्वनाम नाट्य समूह' को स्थापना र नाट्यलेखन र मञ्चनमा जागरुकता ल्याए तापनि नाट्य कृतिहरू प्रकाशित हुन नसकेको देखिन्छ । नवलपरासेली नाट्य प्रतिभाका थोरै नाट्यकृति मात्र प्रकाशित भएको पाइन्छ । दुर्गा भुसालको 'आँसु पुछ्ने दिन', गोपी सापकोटाको 'खरानी' हरिप्रसाद लम्फूको 'अत्मिकज्वाला' नवलपरासेली साहित्यमा देखिएका प्रमुख नाट्यकृति हुन् । नाट्यकृति प्रकाशित नगरे तापनि विभिन्न पत्रपत्रिकाहरूमा नाट्य प्रकाशन तथा नाट्यमञ्चनमा निरन्तर लागि परेका अन्य स्रष्टाहरूमा विष्णु लामिछाने, गोकुल कँडेल, चन्द्रमणि चापागाई, हरिप्रसाद लम्फु, सरोज उजाड, कृष्ण पौडेल आदि रहेका छन् । नाट्यतत्त्व र मञ्चनका दृष्टिले नवलपरासीका प्रतिभाका केही नाटकबाहेक अन्य नाटकहरू कमजोर र प्रारम्भिक अवस्थामा रहेका पाइन्छन् ।

## ३.७ समालोचना

नवलपरासेली साहित्यका स्रष्टाहरूबाट कृतिहरूको चर्चा परिचर्चा गर्ने परम्परा केही अघिदेखि रहे तापनि सैद्धान्तिक स्पर्शमा समालोचना गर्ने प्रवृत्ति भने वि.सं. २०४८ देखि भएको पाइन्छ ।[३३] डा. नारायणप्रसाद खनाल यस क्षेत्रका अगुवा समालोचक बन्न पुगेका छन् र उनको 'केही रहर र केही ठहर' (२०४९) पहिलो समालोचनाको कृति बन्न पुगेको छ । त्यस क्रममा भुपेन्द्र शर्माको 'केही द्रष्टा केही दृष्टि', डा. नारायणप्रसाद खनालको 'समीक्षा प्रहर प्रहरका', डा. घनश्याम न्यौपाने परिश्रमीको 'साहित्य सन्दर्भ' डा. नारायणप्रसाद खनालकै 'निर्वाचन र भाषिक सन्दर्भ' जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित भएका पाइन्छन् । समालोचना विधामा कलम चलाउने अन्य स्रष्टाहरू गणेशप्रसाद खनाल, गोविन्दराज विनोदी,

---

[३२] ऐजन ।

[३३] टंकप्रसाद काफ्ले, पूर्ववत्, पृ. २५ ।

भगवती अर्याल, सरोज उजाड, श्यामप्रसाद न्यौपाने, विष्णु लामिछाने, खगेन्द्र बस्याल, धर्मगत चापागाई हुन् । यी समालोचनाका विभिन्न समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् ।

## ३.८ पत्रपत्रिकाहरू

कुनै पनि क्षेत्रको वाङ्मय लगायत विभिन्न क्षेत्रको समुन्नतिमा पत्रपत्रिकाहरूको योगदान महत्त्वपूर्ण रहन्छ । यस सन्दर्भमा नवलपरासेली साहित्यको श्रीवृद्धि र उन्नतिका लागि यहाँका विभिन्न पत्रपत्रिकाहरूको योगदान रहेको छ । यहाँ नवलपरासीबाट प्रकाशित हुने पत्रपत्रिकाहरूको नामोल्लेख गर्ने प्रयास गरिएको छ । वि.सं. २०३५ सालदेखि नवलपरासीमा दैनिकदेखि वार्षिक रूपमा प्रकाशित हुने दुई दर्जनभन्दा बढी पत्रिकाहरू प्रकाशित भएका पाइन्छन् । यी पत्रिकाहरूमा डेढ दर्जनजति साहित्यिक र अन्य विविध समाचारमूलक पत्रिका रहेका छन् । नवलपरासीबाटै प्रकाशित पहिलो पत्रिका 'त्रिवेणी' साप्ताहिक (२०३५) हो । 'लाली गुराँस' साप्ताहिक (२०३७), 'नयाँ आवाज' साप्ताहिक (२०४४), 'दैनिक लुम्बिनी' (२०४५) अघिल्ला चरणका पत्रिकाहरू हुन् । नवलपरासीमा वि.सं. २०४८ मा 'देवचुली' त्रैमासिक साहित्यिक पत्रिकाको प्रकाशनले साहित्यिक पत्रकारिताको थालनी गरेको हो । नवलपरासीकै जेठो साहित्यिक पत्रिका 'देवचुली' को प्रकाशन अङ्क १ देखि ७३ सम्म प्रकाशित भएको पाइन्छ । यसका साथसाथै 'सौदामिनी' मासिक, 'पाल्ही नन्दन' दैनिक, 'अमिट स्मृति' त्रैमासिक, 'आत्मज्योति', 'अस्तित्व', 'छुनमुना', 'आदानप्रदान', 'सहयात्री', 'अनामिका', 'शान्तिदीप', 'नवप्रभात' परासी टाइम्स' साप्ताहिक, 'हिमायती', 'इन्द्रधनुष', 'श्रेय', इन्दु' जस्ता पत्रपत्रिकाहरूले नवलपरासीका स्रष्टाहरूका विभिन्न विधाका रचनाहरू प्रकाशित गरेर नवलपरासेली साहित्यमा योगदान दिएको देखिन्छ ।

## ३.९ संघ संस्थाहरू

विभिन्न संघ संस्थाहरूद्वारा सञ्चालित साहित्यिक गतिविधि, स्रष्टासम्मान र पुरस्कार, पत्रपत्रिकाको प्रकाशनले त्यस क्षेत्रको साहित्यमा योगदान रहने कुरालाई नकार्न सकिदैन । त्यसमा पनि साहित्यिक उद्देश्यले खोलिएका संघ संस्थाहरूका गतिविधि र भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । यस नवलपरासी क्षेत्रमा साहित्यिक

गतिविधि वि.सं. २०४४ मा नाट्यसम्राट बालकृष्ण समको ८६ औं जन्मजयन्तीको अवसरमा आयोजित कवि गोष्ठीबाट औपचारिक रूपमा थालनी भएको पाइन्छ । त्यस कार्यक्रमको समापनसँगै यस क्षेत्रमा विभिन्न साहित्यिक संघ संस्थाहरूको स्थापना भएको देखिन्छ । वि.सं. २०४७ सालमा 'त्रिवेणी साहित्य परिषद्', वि.सं. २०४८ मा 'सौदामिनी साहित्य परिषद्', २०५० सालमा 'सर्वनाम नाट्य समूह', २०५५ मा 'परासी साहित्य समाज', २०५६ सालमा 'अमिट स्मृति साहित्यिक यूवा समूह', वि.सं. २०५६ मा 'दाउन्ने साहित्यिक सांस्कृतिक मञ्च', वि.सं. २०५७ मा 'नवलपरासी साहित्य परिषद्', वि.सं. २०६२ मा गजल मञ्च नवलपरासी' (२०६५ मा 'क्रानितकारी साहित्य मञ्च' आदि संघ संस्थाहरूले नवलपरासीमा विभिन्न साहित्यिक कार्यक्रम, पत्रपत्रिका प्रकाशन, स्रष्टा सम्मान र स्रष्टाका कृति प्रकाशन जस्ता विविध गतिविधिमा सक्रियता देखाएको पाइन्छ । यी लगायत नवलपरासी जिल्लामा दुई दर्जनजति साहित्यिक संघ संस्थाहरू रहेका र तिनको पनि नवलपरासेली साहित्यको विकासमा धेरथोर योगदान रहेको कुरालाई नकार्न सकिदैन । यसैले नवलपरासी जिल्लाको साहित्यको भविष्य उर्वर र उज्ज्वल रहेको सङ्केत पाउन सकिन्छ ।

## ३.१० नवलपरासी जिल्लाका निबन्धकारहरू र तिनका निबन्ध कृतिको सर्वेक्षण

नवलपरासेली साहित्यमा निबन्ध लेखन र प्रकाशन केही वर्षअघि (वि.सं. २०३५) देखि भए तापनि कृति प्रकाशन भने वि.सं. २०४७ सालदेखि भएको पाइन्छ । हुमाकान्त पाण्डेको 'आँसुका अक्षरहरू' (२०४७) निबन्ध सङ्ग्रह नै नवलपरासेली निबन्ध विधाको पहिलो कृति हो । यसपछि डा. नारायणप्रसाद खनालका 'नारायणीका लहर लहरमा' र 'स्वप्नयात्रा र चिठी' जस्ता निबन्धात्मक कृतिहरू प्रकाशित भएको पाइन्छ । सदानन्द अभागीको 'काठमाडौंदेखि देहरादुन' यात्रा विवरणात्मक कृति पनि प्रकाशित भएको पाइन्छ । यस बाहेक फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा निबन्ध लेख्ने निबन्धकारहरू प्रशस्त भए तापनि अन्य निबन्ध सङ्ग्रह प्रकाशित भएको पाइँदैन । त्यसैले नवलपरासेली निबन्ध विधा अन्य विधाको तुलनामा पछि परेको छ भन्न सकिन्छ । धेरैजसो वस्तुपरक र केही मात्रामा आत्मपरक निबन्धहरू समेटिएका यी निबन्ध सङ्ग्रहलाई हेर्दा नवलपरासेली साहित्यका निबन्ध विधाले मौलाउने अवसर पाएको देखिँदैन । नवलपरासी जिल्लामा

बसोवास गरेका वा पेशागत रूपमा जिल्ला बाहिर रहेर नेपाली निबन्धको क्षेत्रमा कलम चलाउने निबन्धकारहरूको नाम, जन्ममिति, ठेगाना तथा प्रकाशित निबन्धकृतिहरूको निम्नानुसार सर्वेक्षण गरिएको छ :

(क) हुमकान्त पाण्डे (२००९, विर्घा, स्याङ्जा)

(१) आँसुका अक्षरहरू (२०४७)

(ख) नारायणप्रसाद खनाल (२००९, पूजा-४, विर्नात, प्यूठान)

(१) नारायणीका लहर-लहरमा (२०६१)

(२) स्वप्न-यात्रा र चिठी (२०६६)

(ग) सदानन्द अभागी (२००४, शंकरपोखरी, पर्वत)

(१) काठमाडौँदेखि देहरादुन (२०६१)

माथि उल्लेखित निबन्धकारहरू अन्य जिल्लामा जन्मेर नवलपरासी जिल्लामा बसाइ सराइ गरेर आई बसोवास गरेका निबन्धकार हुन् । यिनीहरूले अहिलेसम्म पनि निबन्धविधामा कलम चलाइरहेको पाइन्छ । यसका अतिरिक्त सिङ्गो निबन्ध सङ्ग्रह प्रकाशित नगरी फुटकर रूपमा थुप्रै निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्ने निबन्धकारहरूको उपस्थिति पनि उल्लेख्य देखिन्छ । कुनै कुनै निबन्धकारका एकाध निबन्ध मात्र प्रकाशित देखिन्छन् भने कुनै निबन्धकारका फुटकर रूपमा थुप्रै निबन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेको पाइन्छ । प्राप्त सामग्रीका आधारमा ती सबै निबन्धकारहरूको नामावली यहाँ यथासम्भव प्रस्तुत गर्ने जमर्को गरिएको छ । त्यस्ता निबन्धकारहरूमा लक्ष्मणप्रसाद पाण्डेय, गोरखसागर खत्री, काशी भुषाल, एकराज पाण्डे, तिलक भट्टराई अञ्जान, चन्द्रप्रसाद अधिकारी, दीपक सोती, रमेश मिश्र, सरोज उजाड, नन्दलाल मिश्र, धरा सापकोटा, भगवती अर्याल, हरिप्रसाद लम्फू, ईश्वर खनाल, टंकप्रसाद आचार्य, मुरारीप्रसाद रेग्मी लगायत थुप्रै छन् ।

## ३.११ निष्कर्ष

नवलपरासी जिल्लाको साहित्यलाई यसका छिमेकी जिल्लाहरू चितवन, रूपन्देही, पाल्पा, तनहुँ आदिका साहित्यिक अवस्थासँग तुलना गर्दा यो जिल्ला निकै पछि परेको देखिन्छ । यसरी साहित्यिक दृष्टिले यो जिल्ला पछाडि पर्नुका कारणहरू नेपाली भाषा मातृभाषा भएका व्यक्तिहरू यस जिल्लाका आदिवासी नहुनु भौगोलिक क्षेत्र विभाजनमा फेरबदल हुनु, पहाड लगायत अरू जिल्लाबाट बसाइँ सरेर आउनेक्रम ढिलो हुनु, यस जिल्लाका आदिवासी थारू जातिमा चेतनाको कमी हुनु, मुख्य रूपमा वस्तीको विकास नहुनु, औद्योगिक विकास नहुनु, अशिक्षित एवम् बेरोजगारीको सङ्ख्या बढी हुनु, पत्रपत्रिकाको प्रकाशन नहुनु आदि हुन् । चरणगत रूपमा यस जिल्लाको साहित्यिक गतिविधिको मूल्याङ्कन गर्दा प्रथम चरणका रचनाहरू सङ्ख्यात्मक एवम् गुणात्मक दुवै दृष्टिले कमजोर देखिएका छन् । दोस्रो चरणमा भने नवलपरासीको साहित्यका लागि महत्त्वपूर्ण चरण बन्न पुगेको छ । यस चरणमा सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले पहिलो चरणका तुलनामा कृतिहरू उत्कृष्ट छन् । पहिलो चरणमा कविता विधाको लघुरूप एवम् मझौला रूपसम्म प्रकाशित हुन पुग्यो तर दोस्रो चरणमा कविताको लघु रूपदेखि वृहत रूपसम्म तथा कविताबाहेक गीत, गजल, निबन्ध कथा, उपन्यास एवम् समालोचनात्मक कृतिहरू प्रकाशित हुन पुगेका छन् । त्यस्तै साहित्यिक संघ संस्थाहरूको स्थापना एवम् पत्रपत्रिकाको प्रकाशन जस्ता कुराहरू पनि यस चरणमा भएको पाइन्छ । यस चरणमा साहित्यिक गतिशीलता तीब्र रूपमा अगाडि बढ्न सकेकाले यस चरणलाई विकासकाल पनि भनिन्छ । त्यस्तै तेस्रो चरणमा दोस्रो चरणमा सुरुवात गरिएका साहित्यका विधालाई सङ्ख्यात्मक र गुणात्मक दुवै रूपमा अगाडि बढाउने कुरामा कमी भएको छ । तेस्रो चरण नवलपरासेली साहित्यको उर्वरकाल भएको छ । यस समयमा नेपाली साहित्यका कविता, कथा, उपन्यास, निबन्ध, समालोचना र नाटक विधामा कृतिहरू प्रकाशित भएका छन् ।

नवलपरासेली साहित्यमा कविता विधामा प्रमुख कविका रूपमा रामनाथ खनाल, सदानन्द कँडेल, रामहरि अधिकारी, गोपी सापकोटा लगायतलाई लिन सकिन्छ र तिनका कविता कृति नै नवलपरासीका कवितात्मक प्रमुख कृतिहरू हुन् । त्यस्तै नवलपरासेली कथाकारहरूमा गोपी सापकोटा, कृष्णादेवी शर्मा 'श्रेष्ठ',

सदानन्द अभागी, रामहरि अधिकारीका कथा सङ्ग्रहहरू प्रमुख रहेका छन् । साथै नवलपरासेली साहित्यमा उपन्यास, नाटक, निबन्ध विधामा पनि थुप्रै साहित्यकारहरूले कलम चलाएको पाइन्छ । साहित्यको विकासमा यस क्षेत्रमा साहित्यक गतिविधि सञ्चालन गर्दै आइरहेका त्रिवेणी साहित्य परिषद्, परासी साहित्य समाज, अमिट स्मृति साहित्यिक यूवा समूह, नवलपरासी साहित्य परिषद् जस्ता थुप्रै संघ संस्थाहरूको योगदान पनि अतुलनीय रहेको पाइन्छ । यस क्षेत्रबाट प्रकाशित हुने पत्रपत्रिकाहरूले पनि यस क्षेत्रको साहित्यको श्रीवृद्धि गर्न ठूलै टेवा पुऱ्याएको देख्न सकिन्छ ।

समग्रमा नवलपरासी जिल्लाको साहित्यिक पृष्ठभूमि र निबन्धकारहरूको सर्वेक्षण खण्डमा साहित्य लेखनको पृष्ठभूमि, विकासक्रम, कविता, कथा, उपन्यास, नाटक, निबन्ध, पत्रपत्रिकाहरू र साहित्यिक संघ संस्थाको भूमिका उल्लेख गर्दै मूलतः नवलपरासी जिल्लाका निबन्धकारको सर्वेक्षण गरिएको छ । जसबाट निबन्ध क्षेत्रमा कलम चलाउने फुटकर निबन्धकारहरूको नामवली तथा निबन्ध सङ्ग्रह प्रकाशित गर्ने निबन्धकारहरूको परिचय र निबन्ध कृतिको जानकारी लिन सकिन्छ ।

## चौथो परिच्छेद

# नवलपरासी जिल्लाका निबन्धकारहरूको परिचय र तिनका निबन्ध कृतिको अध्ययन तथा विश्लेषण

### ४.१ निबन्धको परिचय

निबन्ध साहित्यका दुई भेद 'श्रव्य र दृश्य' मध्ये श्रव्य अन्तर्गत पर्ने एक लोकप्रिय विधा हो । विश्व साहित्यको इतिहासमै निबन्ध विधा कान्छो देखिन्छ तापनि यसले झण्डै चार शताब्दीको अवधि पार गरिसकेको छ । आकारका हिसाबले एक बसाइमा पढी सकिने लेखकले आफ्ना विचारहरू उन्मुक्त रूपमा व्यक्त गर्न सक्ने गद्य विधा निबन्ध हो । यो छोटोछरितो हुन्छ । निबन्ध लेखनको लामो साधना र अभ्यासपछि मात्र प्रौढ निबन्धको रचना सम्भव हुन्छ । निबन्धको विषयगत सीमा हुँदैन । जीवनजगत्सँग सम्बन्धित जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिने हुँदा निबन्ध विधाको विषयगत व्यापकतालाई अन्य विधाले छुन सक्दैन भन्ने कुरा निबन्धले देखाएको छ । यसमा अन्य विभिन्न साहित्यका साहित्यिक गुणहरू समाहित भएका हुन्छन् ।

निबन्ध शब्दको पूर्वीय अर्थलाई हेर्दा यो 'बन्ध' धातुमा 'नि' उपसर्ग र 'घञ' प्रत्यय लागेर बनेको हो, जसको अर्थ राम्ररी बाँध्नु भन्ने हुन्छ ।[३४] आधुनिक युगमा प्रचलित निबन्ध भने पश्चिमको देन हो । फ्रान्सेली साहित्यकार मोन्तेनले सोह्रौं शताब्दीमा निबन्धको सुरुवात गरे । प्रयत्नका अर्थमा प्रयुक्त हुने ग्रीसेली Essai बाट Essay शब्दको प्रयोग हुन थालेको हो ।[३५] नेपालीमा प्रचलित निबन्धले Essay को अभिप्रायलाई संवहन गर्दछ ।

निबन्ध स्रष्टाको विशेष मनोदशामा सृजना हुने संक्षिप्त आयतनको कृति हो । यो अपूर्ण र पूर्णताको सङ्गम बिन्दुमा टिकेको हुन्छ अर्थात् अपूर्णतामा पूर्णताको अन्वेषण गर्न प्रयत्न गरिने रचना हो । सूक्ष्म आयतनमा विराटता प्रतिबिम्बन गर्ने

---

३४ राजेन्द्र सुवेदी (सम्पा.), स्नातकोत्तर नेपाली निबन्ध भाग-३, चौ.सं., (काठमाडौँ : पाठ्यसामग्री पसल, २०६३), पृ. १ ।

३५ ऐजन ।

रचना विधा हो ।[३६] स्रष्टाका यिनै वैशिष्ट्यले पाठकलाई आत्मीय बनाएको हुन्छ । पाठक लेखकप्रति निशर्त आकर्षित हुन्छ, आत्मीय बन्दछ र निबन्धका माध्यमबाट लेखकका सम्वेदना स्तरसम्म अविराम यात्रा गर्दछ ।

**परिभाषा**

साहित्यका विभिन्न विधाहरूका परिभाषा दिन कठिन भए जस्तै निबन्धविधालाई परिभाषित गर्न पनि निकै कठिन छ । निबन्ध यही हो भनी किटान गर्न गाह्रो छ तैपनि केही प्रमुख चिन्तकहरूले निबन्धको परिभाषा दिने क्रममा व्यक्त गरेका विचारहरूलाई उद्धृत गरिन्छ :

**(१) बेकन**

बेकनले निबन्धलाई 'छरिएको चिन्तन' हो भनेका छन् । बेकन विषयवस्तुमा केन्द्रित, परात्मक र ठोस एवं विद्वत्तायुक्त निबन्ध सिर्जना हुनुपर्ने कुरामा प्रतिबद्ध देखिएका छन् ।[३७]

**(२) ह्यूवाकर**

'निबन्धको क्षेत्र अति विशाल र व्यापक छ । एककोषी जीवदेखि लिएर मानिससम्म वा धुलराशिदेखि लिएर तारामण्डलसम्म व्याप्त कुनै विषयमाथि निबन्ध लेख्न सकिन्छ ।'[३८]

**(३) जोहन मरे**

'कुनै एक निश्चित विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखेको रचना निबन्ध हो ।'[३९]

**(४) अलेक्जेण्ड स्मिथ**

'निबन्ध भनेको गीतिकाव्यसँग दाँजिन सक्ने, स्वरूप र संरचनामा कोमलता र सम्वेदनशीलता रहने विषय विधा हो ।'[४०]

---

[३६] ऐजन, पृ. २ ।

[३७] ऐजन, पृ. ५ ।

[३८] रामलाल अधिकारी, नेपाली निबन्ध यात्रा, (दार्जलिङ : नेपाली साहित्य संचयिका, सन् १९७५), पृ. ७ ।

[३९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ५ ।

[४०] ऐजन, पृ. ५-६ ।

**(५) द कन्साइन्स अक्सफोर्ड इङ्गलिस लिटरेचर**

'निबन्ध साधारणतया एउटा छोटो गद्य रचना हो जसमा लेखकको विशेष ज्ञान प्रतिबिम्बित भएको हुन्छ ।'[४१]

**(६) बाबु गुलाब राय**

'निबन्ध त्यस प्रकारको रचना हो जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, एउटा विशिष्ट किसिमको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवता, त्यस्तै सङ्गति र सुसम्बद्धतापूर्वक भएको प्रस्तुतीकरण निबन्धमा भएको हुन्छ ।'[४२]

**(७) नेपाली वृहत् शब्दकोश**

'कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना : साहित्यको एक गद्य विधा नै निबन्ध हो ।'[४३]

**(८) लक्ष्मीप्रसाद देवकोटा**

'यो रौंचिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्तबद्‌मास ठिटो हो - जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन । .... त्यो (निबन्ध) टेवलगफ मात्र हो शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । .... यहाँ एउटा रसिलो, हँसिलो, गफाडी, चुट्‌किलो कुराकानी छ । जसको नाम प्रबन्ध (निबन्ध) हो ।'[४४]

माथिका परिभाषाहरूबाट के प्रष्ट हुन्छ भने निबन्ध अनौपचारिक भए पनि आत्मप्रतिपादन र गद्य विशेषताका सम्बद्ध रचना हो । अन्वितिहीन भनिए पनि आन्तरिक शृङ्खलामा सम्बद्ध हुन्छ । निष्कर्षतः निबन्ध भनेको विचार र भावको चिन्तन र सम्बेदनाको अभिव्यक्तिका साथै आत्मपरक र बौद्धिक चिन्तन हो भन्न सकिन्छ ।

---

[४१] ऐजन, पृ. ७ ।

[४२] ऐजन ।

[४३] नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाली वृहत् शब्दकोश, सा.सं., (काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६७) ।

[४४] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ८ ।

## ४.२ निबन्ध विश्लेषणका आधार

साहित्यका विभिन्न विधाहरूको जस्तै निबन्ध विधाको पनि आफ्नै सैद्धान्तिक ढाँचा रहेको हुन्छ । यो ढाँचा कुनै एक शास्त्रीय नियम वा लक्षणसँग मात्र आबद्ध नभई लचिलो रूपमा रहेको हुन्छ । त्यसैले निबन्ध विश्लेषणका विविध आधारहरूमध्ये निबन्ध निर्माणका क्रममा प्रयोग हुने विभिन्न यौगिकहरू अङ्गगत रूपमा छुट्याएर हेर्ने आधारमा निबन्ध विश्लेषणका उपकरणहरू यस प्रकार छन् :

### ४.२.१ विषयवस्तु

विषयवस्तु निबन्धका निम्ति नभई नहुने उपकरण हो । हुन त कुनै पनि साहित्यिक विधाका निम्ति विषयवस्तु अनिवार्य मानिन्छ तर पनि निबन्ध लेखनका निम्ति कुनै न कुनै विषयको अनिवार्य उपस्थिति हुनु आवश्यक छ । संसारका जुनसुकै विषयमा पनि निबन्ध लेख्न छुट छ जसले यसको व्यापकतालाई स्पष्ट पारेका छन् । विषयवस्तुमा केन्द्रित रहेर नै स्रष्टाले आफ्नो आत्मप्रकाशन गर्दछ र निबन्धलाई पूर्णता दिन सक्दछ । विषयवस्तुको चयन र छनोटमा निबन्ध विधा अन्य विधाभन्दा ज्यादै उदार छ । विषयवस्तु कस्तो लिने सम्बन्धमा यो विधा मौन छ तर जीवनजगत्सँग सम्बन्धित जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिने हुँदा निबन्ध विधाको विषयगत व्यापकतालाई अन्य विधाले छुन सक्दैनन् भन्ने कुरा निबन्धले मूर्त रूप नलिने हुँदा विषयवस्तुलाई निबन्धको एउटा अनिवार्य तत्त्व मानिन्छ र यसलाई नै निबन्ध विश्लेषणको एक उपकरण मानिन्छ ।

### ४.२.२ उद्देश्य

कुनै पनि विधा लेखनको प्रयोजन नै त्यसको उद्देश्य हो । निबन्ध लेखनमा पनि आफ्नै प्रयोजन रहेको हुन्छ । संसारका कुनै पनि वस्तु प्रयोजन विना नै रचना भएका हुँदैनन् । त्यसकारण निबन्ध पनि कुनै निश्चित प्रयोजनको परिपूर्तिका निम्ति रचना गरिन्छ । विना प्रयोजन लेखिएका निबन्ध निरर्थक हुने गर्दछन् । अझ भनौं उद्देश्यहीन तरिकाले निबन्धले पूर्णता पाउन सक्दैन । त्यसकारण निबन्धको पूर्णताका निम्ति सानो ठूलो जस्तोसुकै भए पनि उद्देश्यको आवश्यकता पर्दछ । निबन्धकारले आफ्नो कथ्यलाई पाठकसमक्ष पुऱ्याउन कुनै न कुनै उद्देश्यको अपेक्षा गर्दछ । यही उद्देश्यको उपस्थिति बिना निबन्धले पूर्णता नपाउने र सार्थकता नभेट्टाउने हुनाले

उद्देश्य पनि निबन्धको महत्त्वपूर्ण अनिवार्य तत्त्वका रूपमा देखा पर्दछ । त्यसैले पनि उद्देश्यलाई निबन्ध विश्लेषणको आधार मानिएको हो ।

### ४.२.३ भाषाशैली

भाषा विचार अभिव्यक्ति गर्ने माध्यम हो । भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढाँचा, शैली वा पद्धति हुन्छन् । निबन्धको रचनामा भाषाशैली अनिवार्य तत्त्व मानिन्छ । यसको उपस्थितिबिना निबन्धले साकार रूप ग्रहण गर्न सक्दैन, भाषा व्यक्ति हो भने शैली व्यक्तित्व हो । शैलीले शब्दहरूको चयन मात्र नगरेर निबन्धात्मक मूल्यवहन गरेको हुन्छ । जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ । प्रत्येक निबन्धकारको आ-आफ्नै भाषाशैली हुने गरेको पाइन्छ । भाषाको प्रयोग बिना निबन्ध लेखनको परिकल्पना गर्न सकिदैन र निबन्धले सार्थकता पाउँदैन । निबन्ध विधामा प्रयोग गरिने भाषा गद्यात्मक नै हुने कुरा सर्वस्वीकृत मान्यता रही आएको छ । निबन्धको निर्माण निम्ति भाषाको अनिवार्यता भए झैं शैलीको पनि उत्तिकै अनिवार्यता रहेको छ । भाषिक अभिव्यक्तिको ढाँचा र प्रस्तुति नै निबन्धको शैली हो । शैलीका कारण नै निबन्धले अन्य विधाबाट आफूलाई अलग र भिन्न विधाका रूपमा स्थापित गरेको छ । शैलीका  सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्नै तर्कहरू राखेको हुनाले मतैक्यता नदेखिए पनि निबन्धको शैली सरल, सरस र मीठासपूर्ण हुनुपर्दछ भन्नेमा सबैको सहमति देखिन्छ । निबन्धको शैली यस्तै हुनुपर्दछ भनेर तोक्न नसकिए पनि विनोदात्मक, तर्कपूर्ण, विचारात्मक, मित्रको गफ गराई, टेवलगफ, शुद्ध लेखाई र कुरा गराइको शैली निबन्धका निम्ति स्वीकार्य मानिन्छ । निबन्धमा कतै गम्भीर कतै रोचक र कतै हास्य-व्यङ्ग्य बनाउँदै शैलीको निर्माण गर्न सकिन्छ । प्रत्येक स्रष्टाको प्रतिभामा शैलीका विविध रूप पाइने हुँदा निबन्धमा पनि हरेक शैलीको प्रयोग हुनु स्वाभाविक मानिन्छ । जे होस् अन्य विधाको भन्दा आफ्नै खालको निबन्धात्मक शैली निबन्धमा हुनुपर्दछ जसले निबन्धलाई साकार रूप प्रदान गर्न सकोस् । त्यसैले भाषाशैली बिना निबन्धले आफ्नो स्वरूप र पहिचान प्राप्त नगर्ने हुनाले भाषाशैलीलाई पनि निबन्धको एक प्रमुख तत्त्वका रूपमा चिनिन्छ ।

निष्कर्षतः भन्न सकिन्छ की निबन्धका प्रमुख तत्त्वहरू विषयवस्तु, उद्देश्य र भाषाशैली हुन् । यी तत्त्व बिना निबन्ध पूर्ण हुन सक्दैन । यिनै प्रमुख तत्त्वका आधारमा निबन्धको विश्लेषण गरिनु सान्दर्भिक ठहर्छ ।

## ४.३ निबन्धतत्त्वका आधारमा नवलपरासी जिल्लाका निबन्धकारहरूका निबन्ध कृतिको अध्ययन

नवलपरासी जिल्लाका निबन्धकारका निबन्ध कृतिको अध्ययनमा कृति प्रकाशित गर्ने निबन्धकारलाई नै मूल आधार मानिएको छ । अध्ययनका क्रममा नवलपरासी जिल्लाका निबन्ध सङ्ग्रह प्रकाशित गर्ने तीनजना निबन्धकारहरूका निबन्ध कृतिको अध्ययन गरिएको छ । यस कार्यमा निबन्धकारको यस प्रकार परिचयात्मक अध्ययन गरिन्छ ।

### ४.३.१ हुमकान्त पाण्डे (२००९)

#### ४.३.१.१ परिचय

हुमकान्त पाण्डेको जन्म वि.सं. २००९ सालमा स्याङ्जा जिल्लाको विर्घा अर्चले गा.वि.स. मा पिता दाताराम पाण्डे र माता नर्मदादेवी पाण्डेको कोखबाट भएको हो । हाल उनी नवलपरासी जिल्लाको सुनवल-६ का स्थायी बासिन्दा हुन् भने उनको कार्यक्षेत्र चाहिँ कास्की जिल्लाको पृथ्वीनारायण क्याम्पस, पोखरा हो । पृथ्वीनारायण क्याम्पसमा नेपाली विभागका प्राध्यापकका रूपमा कार्यरत पाण्डेका अनुसार उनी स्कुल जीवनदेखि नै कविता कोर्ने गर्दथे । उनका बावुले भानुभक्तको रामायण लय हालेर पढ्ने गर्दथे । यसैको प्रभाव पाण्डेमा पऱ्यो । त्यसैले गर्दा सानैदेखि साहित्यमा लागेका पाण्डेको प्रथम प्रकाशित रचना शशी पन्थीद्वारा सम्पादित तथा खसोखास प्रेस भैरहवामा मुद्रित 'भेटघाट' पत्रिकामा प्रकाशित 'विहान' शीर्षकको कविता हो ।

'भेटघाट', 'प्रयोग', 'आत्मज्योति' जस्ता विभिन्न पत्रपत्रिकामा निबन्ध, समालोचना, कविता, कथाहरू प्रकाशित गराइसकेका साहित्यकार पाण्डेका पुस्तकाकार कृतिहरू 'आँसुका अक्षरहरू' (२०४७) निबन्ध सङ्ग्रह र 'हुम्लाको लोक साहित्य' (२०५८) समीक्षात्मक कृति हुन् । आँसुको अक्षरहरू वि.सं. २०४६ सालको राष्ट्रिय जनआन्दोलनका बेला पृथ्वीनारायण क्याम्पसमा घटेका घटनाहरूको यथार्थ विवरण भएको लेखहरूको सङ्ग्रह हो ।

### ४.३.१.२ निबन्धकृतिको अध्ययन

प्रस्तुत खण्डमा हुमकान्त पाण्डेको एकमात्र निबन्ध सङ्ग्रह आँसुका अक्षरहरूको अध्ययन विश्लेषण गरिएको छ ।

**(क) आँसुका अक्षरहरू (२०४७)**

**(अ) परिचय**

हुमकान्त पाण्डेले नेपाली भाषा साहित्यका विविध विधामा कलम चलाएको पाइन्छ । निबन्ध क्षेत्रमा उनको योगदान महत्त्वपूर्ण देखिन्छ । 'आँशुका अक्षरहरू' सङ्ग्रहमा वि.सं. २०४६ सालको अन्त्यतिर उनीद्वारा लेखिएका विभिन्न चारवटा निबन्धहरू समेटिएको छ । यो वि.सं. २०४७ सालमा नेपाल प्राध्यापक संघ पृथ्वीनारायण क्याम्पस एकाइ समितिद्वारा प्रकाशित भएको हो । यो निबन्धकार पाण्डेको पहिलो प्रकाशित निबन्ध सङ्ग्रह हो ।

आँसुका अक्षरहरू निबन्ध सङ्ग्रहमा जम्मा चारवटा निबन्धहरू सङ्कलित छन् । ती यस प्रकार छन् : (१) आँसुका अक्षरहरू, (२) रन्थनिएको मन, (३) पोखराले रोएर आशौच बार्‍यो र (४) बूट र बन्दुकले बढारेको शिक्षालय ।

**(आ) विषयवस्तु**

निबन्ध सङ्ग्रहमा रहेका चारवटा निबन्धहरूमध्ये एउटा निबन्ध 'आँसुका अक्षरहरू' कै नामबाट समग्र निबन्ध सङ्ग्रहको नामकरण गरिएको छ । पाण्डेका सबै निबन्धहरू वि.सं. २०४६ साल फाल्गुन १, २ ३ र ४ गते पृथ्वीनारायण क्याम्पस पोखरामा भएको प्रहरी दमनलाई विषयवस्तु बनाएर लेखिएका छन् । यस सङ्ग्रहको पहिलो निबन्ध 'आँसुका अक्षरहरू' मा २०४६ साल फाल्गुन १ गते पृथ्वीनारायण क्याम्पसका विद्यार्थीमाथि प्रहरीले गरेको ज्यादतिलाई विषयवस्तु बनाइएको छ । यस घटनाप्रति निबन्धकारले दुःख प्रकट गर्दै त्यस्तो अत्याचारी, विभत्स, क्रुर कार्य प्रहरीबाट भएको देख्दा आफू निरीह भएर बस्नुपरेको कुरालाई निबन्धमा देखाइएको छ । यस निबन्धमा प्रहरीले छात्रमाथि लट्ठी र बुट प्रहार गरेको र छात्रालाई दुर्व्यवहार गर्दै लछारपछार गरेको र जेलसम्म पठाएको कुरालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहको दोस्रो निबन्ध 'रन्थनिएको मन' मा त्यही समय अर्थात् फाल्गुन दुई गते सोही क्याम्पसमा भएका गतिविधिलाई

समेटेर विषयवस्तु बनाइएको छ । भोलिपल्ट बिहानै पुलिसहरू क्याम्पसमा आएर विद्यार्थीलाई गरेका गाली गलौज, भोलिपल्ट क्याम्पसमा सुनसान स्थिति, क्याम्पस प्रमुखले घटनाका विषयमा दिएका अभिव्यक्ति, पोखराको बाहिरी वातावरण, बी.सी. मल्ल, आनन्ददेव भट्ट र श्री कृष्ण खनाल जस्ता व्यक्तिहरूले अघिल्लो दिनमा भएका घटनाका बारेमा गरेका टिप्पणी र आफ्नो अथवा लेखकको घटनाप्रति उठेका अभिव्यक्तिलाई विषयवस्तु बनाएर लेखिएको छ । तेस्रो निबन्ध 'पोखराले रोएर आशौच बाऱ्यो' मा फाल्गुन एक गतेका आपराधिक घटनाको विरोधमा तीन गते पोखरा बजार बन्द रहेको कुरालाई विषयवस्तु बनाएर लेखिएको छ र सो बन्दमा पुलिसले लाठी बजार्दै बजार खोल्न दिएको दवावलाई विषयवस्तु बनाइएको छ । यस निबन्धमा पोखराका प्रमुख पञ्चहरूले एक गतेको घटनालाई उचित र समयोचित भनेको कुरालाई पनि समेटेको छ । यस सङ्ग्रहको अन्तिम निबन्ध 'बूट र बन्दुकले बढारेको शिक्षालय' मा फाल्गुन ४ गते प्रहरी प्रशासनले क्याम्पस भित्र रहेका प्राध्यापक र विद्यार्थीमाथि गरेको दुर्व्यवहार र पुस्तकालयमा रहेका विद्यार्थी साथै अन्यत्र रहेका विद्यार्थीलाई दिएको चेतावनी र एउटा शिक्षा आर्जन गर्ने थलो प्रहरीको बुट बजार्ने ठाउँ भएको र एउटा आफ्नो सोही क्याम्पसमा अध्ययनरत छोरालाई भेट्न आएको बाबुलाई पनि प्रहरीले समातेर जेल पुऱ्याएको कुरालाई विषयवस्तुका रूपमा समेटिएको छ । यसरी यस निबन्ध सङ्ग्रहका समग्र निबन्धहरूमा २०४६ साल फाल्गुन १, २, ३ र ४ गते पृथ्वीनारायण क्याम्पस पोखरामा भएको प्रशासनिक दमनलाई विषयवस्तु बनाइएको छ ।

**(ङ) उद्देश्य**

'आँसुका अक्षरहरू' निबन्ध सङ्ग्रहको उद्देश्य २०४६ साल फाल्गुन १, २, ३ र ४ गते पृथ्वीनारायण क्याम्पसमा भएको घटनालाई देखाएर पञ्चायतकालीन शासन व्यवस्थामा शासकले सर्वसाधारणप्रति गर्ने व्यवहारलाई उजागर गर्नु रहेको छ । त्यस बेलाका पञ्च भलादमी भनाउँदाहरूले क्याम्पसभित्र भएको बलात्कार, लाठी चार्ज जस्ता विषयलाई उचित र आदेश ठानी समयोचित भनी स्वागत गरेको कुरा देखाएर आफ्नो फाइदाको लागि पञ्चेहरूले जे पनि गर्दथे भन्ने कुरा देखाउनु नै यस निबन्ध सङ्ग्रहको उद्देश्य रहेको छ भन्न सकिन्छ । पाण्डेका समग्र निबन्धहरूको अध्ययनबाट समाजमा व्याप्त शोषण र अन्यायको पर्दाफास गर्नु,

समाजमा सर्वसाधारणले ठूलावडा भनाउँदाहरूबाट भोग्नु परेका अन्याय र अत्याचारलाई देखाउनु, शासकको पदलोभ र गैरजिम्मेवारी पूर्ण व्यवहारलाई उजागर गर्नु नै निबन्धकारको उद्देश्य रहेको पाइन्छ ।

**(ई) भाषाशैली**

'आँसुका अक्षरहरू' निबन्ध सङ्ग्रहको भाषा गद्यात्मक रहेको छ । निबन्धमा सामान्य बोलीचालीको भाषा सचेतताका साथ प्रयोग गरिएको वर्णनात्मक तथा विवरणात्मक भाषाको प्रयोगले निबन्धहरू केही लामा पनि भएका छन् । निबन्धमा सामान्य लेखपढ गर्न जान्ने जो सुकैले पनि सजिलै बुझ्न सक्ने भाषाको प्रयोगले निबन्ध पढ्नमा रोचकता थपेको छ । यस सङ्ग्रहका निबन्धमा निबन्धकार आफूले देखेको घटनालाई सरल भाषामा प्रस्तुत गरेका छन् । यस निबन्ध सङ्ग्रहका निबन्धको शैली सरल, सरस र मीठासपूर्ण रहेको छ । तर्कपूर्ण र विचारात्मक शैलीमा लेखिएका यस सङ्ग्रहका निबन्धहरूले २०४६ सालको घटनालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गर्न सफल रहेको छ ।

### ४.३.१.३ निष्कर्ष

हुमकान्त पाण्डे नेपाली साहित्यका विविध विधामा कलम चलाउने लेखक हुन् । उनको नेपाल प्राध्यापक संघ पृथ्वीनारायण क्याम्पस इकाइ समिति पोखराद्वारा ४० पृष्ठमा प्रकाशित 'आँसुका अक्षरहरू' निबन्ध सङ्ग्रह मूलतः २०४६ साल फाल्गुनमा पृथ्वीनारायण क्याम्पस पोखरामा भएको प्रशासनिक दमनलाई पञ्चायत कालीन शासन व्यवस्थामा सर्वसाधारणप्रति गरिने व्यवहारलाई विषयवस्तु बनाएर रचना गरिएका मझौला आकारका चारवटा निबन्धहरूको सँगालो हो । विषयवस्तु अनुसार लेखकको निजी अनुभवको उपस्थिति, उद्देश्य, विचार, दृष्टिबिन्दु र भाषाशैलीको प्रयोग गर्दै २०४६ सालमा पृथ्वीनारायण क्याम्पस पोखरामा भएको दुःखद् घटनालाई उजागर गर्दै त्यसप्रति आक्रोश व्यक्त गर्नु नै प्रस्तुत निबन्ध सङ्ग्रहको मुख्य विशेषता रहेको छ ।

## ४.३.२ डा. नारायणप्रसाद खनाल (२००९)

### ४.३.२.१ परिचय

डा. नारायणप्रसाद खनालको जन्म वि.सं. २००९ साल पौष २३ गते राप्ती अञ्चलको प्यूठान जिल्लामा पूजा-४ मा पिता ज्यो. दामोदर खनाल र माता

लीलादेवी खनालको कोखबाट भएको हो । हाल उनी नवलपरासी, अर्ग्यौली-९ डन्डामा स्थायी बसोवास गर्दै आइरहेका छन् । हाल उनी वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनमा नेपाली विभागमा विभागीय प्रमुखका रूपमा कार्यरत छन् ।

कविता, समालोचना, भाषिक लेख जस्ता विषयमा कलम चलाउने डा. नारायणप्रसाद खनालले खास गरी निबन्ध विधामा सफलता हासिल गरेका छन् । सन् १९७५ मा 'सिम्रिक' (गोरखपूर) पत्रिकाबाट प्रकाशित इन्द्रबज्रा छन्दको 'सिम्रिक' शीर्षकको कविताबाट विधिवत साहित्य यात्रा सुरु गरेका खनालको पहिलो निबन्ध 'जुनेली' पत्रिकामा प्रकाशित 'साहित्य र जीवन' (२०३५) हो । खनालले त्रिवेणी साहित्य परिषद् नवलपरासी, चितवन साहित्य परिषद् चितवन, प्रेमा वाङ्मय प्रतिष्ठान, नवलपरासी जस्ता विभिन्न साहित्यिक संस्थाहरूमा संलग्नता भइसकेका छन् । यिनका हालसम्म प्रकाशित कृतिहरू यस प्रकार छन् ।

(१) केही रहर : केही ठहर (समालोचना सङ्ग्रह, २०४९) ।

(२) गोरखाको डायरी (संस्मरण तथा समीक्षा, २०६१) ।

(३) समीक्षा : प्रहर प्रहरका (समालोचना सङ्ग्रह, २०६१) ।

(४) नारायणीका लहर लहरमा (सङ्कलित निबन्ध, २०६१) ।

(५) समीक्षाका आकारहरू (समालोचना सङ्ग्रह, २०६५) ।

(६) निर्वचन र भाषिक सन्दर्भ (भाषिक खोजमूलक कृति, २०६५) ।

(७) समस्यापूर्ति परम्परामा लेखनाथका कविता-काव्य, २०६५ ।

(८) स्वप्नयात्रा र चिठी (निबन्ध सङ्ग्रह, २०६६) ।

यी बाहेक 'चितवन' शीर्षकको निबन्ध सङ्ग्रह पनि प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी पाइन्छ । यसरी साहित्यका विविध विधामा कलम चलाउने खनालको सर्वाधिक महत्त्वपूर्ण विधा भने निबन्ध रहेको देखिन्छ ।

### ४.३.२.२ निबन्ध कृतिको अध्ययन

प्रस्तुत खण्डमा नारायणप्रसाद खनालद्वारा लिखित निबन्ध सङ्ग्रहको अध्ययन गरिएको छ :

## (क) नारायणीका लहर लहरमा (२०६१)

### (अ) परिचय

प्रकाशनका दृष्टिले 'नारायणीका लहर लहरमा' २०६१ निबन्धकार खनालको चौथो कृति भए तापनि निबन्ध विधाका रूपमा भने उनको पहिलो कृति बन्न सफल भएको छ । यस सङ्ग्रहमा मझौला आकारका २८ वटा निबन्धहरू सङ्कलित छन् जुन यस प्रकार छन् : (१) मृत्युसितका जम्काभेटहरू (२) हामी उपस्थित भएका छौं (३) म बाहिर निस्कें ! (४) यात्रा अझै अधुरो छ (५) भ्रान्ति (६) समगरमाथा (७) हृदय कसलाई दान गरुँ (८) कञ्चनजङ्घा (९) कर्तव्य र भूमिका (१०) अँधेरी रात हिड्दैको फसाद (११) सच्चा जीवन : उपहार (१२) समवेदना यात्रीका आफन्तलाई (१३) नारायणीका लहर लहरमा (१४) कल्पनाशून्य अवस्था (१५) नक्कली पो परेछ ! (१६) 卐 नखाउँत कर्कली (१७) 卐 यथार्थतामा पागलपन (१८) 卐 सम्झना चरैवेतिको (१९) 卐 हिलैमा फुल्छ कमल (२१) मोनिका - क्लिन्टन प्रणय (२२) शिक्षा (२३) छोटो लेख र छोटो जिन्दगी (२४) 卐 बिझेको वचन-वाण (२५) अनुशासनको आक्रोश (२६) परीक्षा नाटक र निरीक्षक (२७)卐 गृहनिर्माण कला (२८) 卐धत्तेरिका चोर !

### (आ) विषयवस्तु

सङ्ग्रहमा परेको एउटा निबन्धको नामबाट समग्र कृतिको नाम राखिएको छ । यस सङ्ग्रहभित्र रहेका निबन्धहरू विषय शैलीशिल्प र विचारका दृष्टिले विविधतायुक्त छन् । विभिन्न समय र अवस्थाबाट सृजित भावना र चिन्तनहरूलाई अनुभूतिसँग एकाकार गराएर प्रस्तुत हुँदै यसभित्रका रचना हृदय स्पर्शी एवं रोचक बन्न पुगेका छन् । नेपाली समाजबाट निबन्धको विषय टिपिएको उनका निबन्धहरूमा विविध विषयवस्तु समेटिएका छन् ।

'नारायणीका लहर लहरमा' सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूमा 'मृत्युसितका जम्काभेटहरू', 'हामी उपस्थित भएका छौं', 'भ्रान्ति', 'सगरमाथा', 'हृदय कसलाई दान गरुँ' ? 'अँधेरी रात हिडदैको फसाद', 'नारायणीका लहर हलरमा', 'कल्पनाशून्य अवस्था', 'नक्कली पो परेछ', 'नखाउँ त कर्कली', 'सम्झना चरैवेतिको', 'शिक्षा', 'छोटो लेख र खोटो जिन्दगी', 'बिझेको वचन वाण', 'अनुशासनको आक्रोश र धत्तेरिका चोर !' आत्मवादी चेतनाको केन्द्रीयतामा रहेर रचना गरिएका निबन्धहरू

हुन् । 'यात्रा अझै अधुरो छ', 'कञ्चनजङ्घा', 'समवेदना यात्रीका आफन्तलाई', 'यथार्थतामा पागलपन', 'आखीर श्रीकृष्ण रहेछ एक', 'हिलैमा फुल्छ कमल', 'मोनिका-क्लिन्ट प्रणय', 'परीक्षा नाटक र निरीक्षक' वस्तुवादी चेतनाको आधिक्य रहेका निबन्ध हुन् । यसैगरी 'म बाहिर निस्कें', 'कर्तव्य र भूमिका', 'सच्चा जीवन उपहार' र 'गृह निर्माण कला' आत्मवादी-वस्तुवादी चेतनाको सम्मिश्रण भएका निबन्धहरू हुन् ।

यी विभिन्न निबन्धहरूमा उच्च राष्ट्रप्रेम, साहित्य कलाप्रेम, सामाजिक, राजनीतिक एवम् सांस्कृतिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य, सत्ताक्यामोह, शैक्षिक साहित्यिक चिन्तन, वस्तु विश्लेषण, घटना संस्मरणलाई विषयवस्तुका रूपमा प्रयोग गरी सटिक रूपमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका रचनामा निबन्धकारले विचारमन्थन पनि सुन्दर ढङ्गमा गरेको पाइन्छ ।

'नारायणीका लहर-लहरमा' निबन्ध सङ्ग्रहका निबन्धहरू विचार, भाव वा सन्देश प्रवहणका कोणबाट हेर्दा पनि भिन्न-भिन्न रूप र स्वादका छन् । 'मृत्युसितका जम्काभेटहरू' मा मृत्युचिन्तन, हामी उपस्थित भएका छौं' मा कर्तव्यबोध, 'म बाहिर निस्कें' मा एउटा बावुको मनोदशाको विश्लेषण एवम् दायित्वबोधी अभिव्यक्ति, 'यात्रा अझै अधुरो छ' मा पुरातात्विक सांस्कृतिक महत्त्वबोध, 'भ्रान्ति' मा दार्शनिक चेत, 'सगरमाथामा राष्ट्रिय स्वाभिमान, 'हृदय कसलाई दान गरुँ' मा सहृदयताको चाह, 'कञ्चनजङ्घा' मा प्रतीकात्मक रूपमा विकृत र नव-सभ्यताप्रति व्यङ्ग्य, 'कर्तव्य र भूमिका' मा राष्ट्रिय अस्मिताचेतलाई विषयवस्तु बनाएर लेखिएका छन् । यात्रा संस्मरणात्मक शैलीमा लेखिएको 'अँधेरी रात हिंड्दैमा फसाद' मा आशावादी स्वर, 'सच्चा जीवन उपहार' मा विकृतिप्रति चिन्ता, 'समवेदना यात्रीका आफन्तलाई' मा आकस्मिक दुर्घटनाको हृदय विदारक स्मरण, 'नारायणीका लहर लहरमा' निबन्धमा प्रकृतिको शान्त र क्रूर रूपको चित्रण, 'कल्पना शून्य अवस्था' मा नव सृजनाकाङ्क्षा प्रकटित भएको छ । यसैगरी 'नक्कली पो परेछ' मा झुटो विज्ञापनप्रति व्यामोह, 'नखाउँ त कर्कली' मा सामाजिक विकृतिप्रति व्यङ्ग्य, 'यथार्थतामा पागलपन' मा पाश्चात्य सभ्यताको अन्धानुकरणप्रति आक्रोश, 'सम्झना चरैवेतिको' मा पूर्वघटना स्मरण र आत्मपीडा, 'आखीर श्रीकृष्ण रहेछ एक' मा महाकवि देवकोटाको आध्यात्मिकता माथि प्रकाश पार्ने प्रयास, 'हिलैमा फुल्छ कमल' मा

साहित्यजगत्का विकृतिप्रति चिन्ता, 'मोनिका क्लिन्टन प्रणय' मा प्रेममा देखापर्ने विकृतिप्रति व्यङ्ग्य, 'शिक्षा' मा अनुशासित एवम् स्तरीय शिक्षाको चाह, 'छोटो लेख खोटो जिन्दगी' मा शैक्षिक विडम्बनाको दृश्य, 'बिझेको वचनवाण' मा भ्रामक राजनीतिप्रतिको चिन्ता, 'परीक्षा नाटक र निरीक्षक' मा परीक्षा प्रणालीमा देखा परेका अवाञ्छित गतिविधिप्रति आक्रोश, 'गृहनिर्माण कला' मा ऋण खोजेर घर बनाउने चलनप्रति व्यङ्ग्य र 'धत्तेरिका चोर !' मा सांस्कृतिक पर्वलाई आधार बनाई मुलुकको तत्कालीन हिंसाजन्य स्थितिको यथार्थ प्रस्तुत गरिएको छ ।

**(इ) उद्देश्य**

'नारायणीका लहर लहरमा' निबन्धको सङ्ग्रहको उद्देश्य समग्रमा एउटै मात्र नभए पनि यस सङ्ग्रहका निबन्ध लेखनको प्रमुख उद्देश्यहरू प्रतीकात्मक रूपमा विकृत र नव सभ्यताप्रति व्यङ्ग्य गर्दै सभ्य समाजको निर्माण सहयोग पुऱ्याउनु, प्रकृतिको वर्णन गर्नु, सामाजिक, सांस्कृतिक, आर्थिक र अन्य क्षेत्रमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्नु रहेको छ भन्न सकिन्छ । यस सङ्ग्रहका निबन्धहरूबाट जीवनमा घटित हुन सक्ने घटनाहरू र त्यसबाट पैदा हुने विकृत मनस्थितिलाई निबन्धकारले देखाउन खोजेका छन् । यो देखाउनु नै खनालको निबन्ध सङ्ग्रहको उद्देश्य हो भन्न सकिन्छ ।

**(ई) भाषाशैली**

'नारायणीका लहर लहरमा' निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग भएको छ । कहिँ कतै संस्कृत भाषाका शब्दहरू प्रयोग भएको पाइए तापनि ती शब्दलाई पनि प्रस्ट्याउने काम गरेका छन् निबन्धकार खनालले । कुनै कुनै निबन्धमा चिकेन, होट, किचेन आदि जस्ता अङ्ग्रेजी शब्दको प्रयोग भए तापनि निबन्ध बुझ्नमा ती शब्दले कुनै कठिनता पुऱ्याएको छैन । यस सङ्ग्रहका कुनै निबन्ध बुझ्नमा केही गहिरिएर पढ्नु पर्ने भए तापनि धेरैजसो निबन्धहरू सामान्य पाठकले पनि सजिलै बुझ्ने खालका छन् । निबन्धको शैली सरल, सरस र मीठासपूर्ण रहेको पाइन्छ । शैलीका हिसाबले यस सङ्ग्रहका निबन्धहरू विनोदात्मक, तर्कपूर्ण र विचारात्मक छन् भन्न सकिन्छ । निबन्धहरू सङ्क्षिप्त रूपका रहेका छन् । यस सङ्ग्रहका निबन्धमा हार्दिकता भन्दा वैयक्तिकता पक्ष सबल रहेको पाइन्छ ।

## (ख) स्वप्न यात्रा र चिठी (२०६६)

### (अ) परिचय

स्वप्न यात्रा र चिठी खनालको प्रकाशित कृतिहरूमध्ये आठौं कृति हो भने यो निबन्ध विधाको दोस्रो कृतिका रूपमा प्रकाशित भएको छ । त्रिवेणी साहित्य परिषद्बाट २०६६ सालमा १११ पृष्ठको आयाममा संरचित यो पुस्तकमा तीन खण्ड रहेका छन् । पहिलो खण्ड स्वप्नालङ्कार अत्यन्तै छोटो अर्थात् एक एक पृष्ठका ३१ वटा शीर्षक दिएका निबन्ध रहेका छन् भने दोस्रो खण्ड यात्रालङ्कारमा छोटा छोटा ३२ वटा शीर्षक दिइएका ३२ वटा निबन्धहरू रहेका छन् । अन्तिम तेस्रो खण्डमा भने चिठीहरू अर्थात् पत्रसाहित्य रहेको छ । पहिलो र दोस्रो खण्डमा निबन्धकारले दैनिकीका रूपमा दिनको एउटा शीर्षक दिएर लेखिएका ६३ वटा शीर्षकमा संरचित निबन्ध रहेको पाउन सकिन्छ । यस सङ्ग्रहमा रहेका निबन्धहरू यस प्रकार छन् : (१) उनी सपनामा पनि दुर्लभ छिन (२) सपनामा पनि रस वाच्य हुँदैन (३) सपनामय यो हाय मलाई ! (४) सुखयम सपना दुःखमय विपना (५) स्वप्ना कसो गरि भनूँ निद छैन मेरा ? (६) जाग्रात स्वप्न-सुषुप्ति वृत्ति तिन छन् (७) यो सपना हो भने (८) हाम्रो भेट सपनामा पनि सह्य छैन (९) दुःस्वप्न पनि सुस्वप्न हुन्छ (१०) सपना विज्ञान हो (११) दुःस्वप्न (१२) संसार सपनाको जादूजस्तै हो (१३) प्यारो सपना (१४) सपना हो कि ! (१५) अँध्यारा स्वप्नाका सुखदुःख (१६) सपनामा आफूलाई (१७) स्वप्नाध्याय कहन्छु अमृतसरी (१८) स्वप्नको सुन भन्छु लक्षण यहा (१९) सपना हो निदाउनु (२०) पराधीन सपने हुँ सुख नही (२१) स्वप्न र सुषुप्ति (२२) सपना बन्छ, तब आनन्दको विपना खुल्दछ (२३) सपना मैले के देखें आज (२४) दिनको माया रातको सपनी (२५) स्वप्ना त मेरो छ भने पराइ (२६) स्वप्ननाशक (२७) स्वप्ना घटिया पनि (२८) स्वप्नसुरभीसँग एक छिन ! (२९) जादू छ उसको सपना मिठो सरी (३०) सपनाको प्रत्यक्षीकरण 'स्वप्नदोष' मा (३१) यो सपना होइन (३२) भ्रमण साहित्य : हिजो अस्ति (३३) भ्रमण अधिकार : कति सरल कति जटिल (३४) यात्रीहरूको देन अविस्मरणीय (३५) भ्रमणमा नारी - प्रतिबन्ध (३६) केही 'अटन' हरू (३७) चरैवेति चरैवेति चरैवेति (३८) नेपाल भ्रमण वर्षको सन्दर्भमा (३९) भ्रमणका विसङ्गतिहरू (४०) जुन यात्रामा साथी छुट्छन् ! (४१) फर्कदाको आनन्द (४२) साइकिल यात्रा कति रमाइलो (४३) ती विस्मृत

शुभयात्राहरू (४४) महाभिनिष्क्रमण: ऐतिहासिक यात्रारम्भ (४५) जहाँ अतिथिलाई देवता मानिन्छ (४६) स्वर्गद्वारी यात्रा र बाङ्गा खुट्टी (४७) भारत यात्राको प्रथम र द्वितीय चरण (४८) पशुपतिको यात्रा सिद्राको व्यापार (४९) यो पनि यात्रा संस्मरण (५०) जानु छ साथी टाढा टाढा ! (५१) जुन यात्रा दैनिक हुन थाल्यो (५२) त्यहाँदेखि यहाँसम्म (५३) त्यो अविस्मरणीय यात्रा ! (५४) यात्राभित्र लुकेका अनुहारहरू (५५) यात्रा : वर्षाको पानीमा ! (५६) यात्री र देवकोटाको दर्शन (५७) यात्रा शिक्षालय भित्रैसम्म (५८) म रिक्साको यात्रा किन गर्दिन ? (५९) साइकिल - मोटरसाइकिल टकराव (६०) जब बालकहरू नै चालक भइदिन्छन् (६१) यात्रा एक : घटना दुई (६२) त्यस्तो निम्तो जहाँ पेट रित्तै रहन्छ (६३) यात्राहरू जो भोकभोकै पार भए ।

**(आ) विषयवस्तु**

प्रस्तुत निबन्ध सङ्ग्रहमा निबन्धकार खनालका २०५४/३/१ देखि २०५४/४/३२ गतेसम्म दैनिक रूपमा लेखिएका ६३ वटा सृजनाहरू समावेश भएका छन् । त्यसो त यस निबन्ध सङ्ग्रहलाई दुई खण्डमा विभक्त गरिएको छ । पहिलो खण्डलाई 'स्वप्नालङ्कार' नाम दिइएको छ भने दोस्रो खण्डलाई 'यात्रालङ्कार' नाम प्रदान गरिएको छ । यसरी हेर्दा स्वप्न सम्बन्धी चिन्तनयुक्त एकतीसओटा सृजनाभन्दा अगाडि अग्रपङ्क्तिका आवाजहरू १ र यात्रा सम्बन्धी चिन्तनका बत्तीसओटा सृजनाभन्दा अगाडि अग्रपङ्क्तिका आवाजहरू २ भनेर ती सृजनाप्रतिको आत्मदृष्टि प्रस्तुत गरिएको छ ।

अग्रपङ्क्तिका आवाजहरू १ बाट के बुझिन्छ भने डा. खनालले दैनन्दिनीकै रूपमा यी एकतीसओटा चिन्तनपरक निबन्धको सृजना गर्नु भएको हो । यी सङ्क्षिप्त एक पृष्ठीय निबन्ध रचनाहरू निबन्धकारको लामो अनुभव, अध्ययन र खारिएका विचारका सहज अभिव्यञ्जना पुष्पहरू हुन् भन्न सकिन्छ ।

अग्रपङ्क्तिका आवाजहरू २ बाट थाहा हुन्छ दोस्रो खण्ड २०५४/४/१ देखि २०५४/४/३२ सम्म दिनदिनै सृजना गरिएका बत्तीसओटा यात्रा सम्बन्धी विचार र अनुभवहरूका सङ्ग्रहीत रूपलाई यात्रालङ्कार नाम दिइएको हो । यात्राक्रममा भेटिएका वस्तुहरूलाई चिन्तनको चौतारीमा प्रस्तुत गर्ने काम यस खण्डमा राम्ररी गरिएको छ । अनुभव विचार र हृदयदृष्ट सत्यलाई एकीकृत

रूपमा ज्यादै सुन्दर तथा मर्मस्पर्शी रूपमा प्रस्तुत गर्नुलाई निबन्धकारको विशेषता मान्न सकिन्छ ।

निबन्ध सङ्ग्रहको पहिलो खण्डमा रहेका एकतीसवटा सृजनालाई एकै शीर्षकमा समेटने गरी 'स्वप्नालङ्कार' भनेर पनि प्रत्येकको अलग अलग पहिचान र सौन्दर्य झल्किने गरी नामकरण गरिएको छ । प्रथम रचना 'उनी सपनामा पनि दुर्लभ छिन्' मा बडो मार्मिक व्यङ्ग्यात्मक र रसिक पाराले स्वप्न देख्न र तिनलाई साकार पार्न आग्रह गरिएको छ । दोस्रो रचना 'सपनामा पनि रस वाच्य हुँदैन' मा रस भनिए पनि प्रतीति हुन नसक्ने भावाभिव्यञ्जना प्रस्तुत गरिएको छ । त्यस्तै अर्को रचना 'सपनामा भो हाय मलाई' मा लेखनाथीय पिंजडाको सुगाको चर्चा गर्दै जिन्दगीप्रतिको दृष्टिकोण प्रस्तुत गरिएको छ । यसैगरी 'सुखमय सपना, दुःखमय विपना' मा व्यङ्ग्यात्मक रूपमा सपना देख्ने मानिस कहिल्यै दरिद्र हुन नसक्ने भाव प्रकट गरिएको छ । अन्य प्रायः सबै रचनाहरू स्वप्न सम्बन्धी चिन्तनहरू, स्वप्न सम्बन्धी अनुभूतिहरू र आत्मदृष्टिहरूले सिंगारिएका छन् । यी निबन्धहरूमा सपनालाई नै विषयवस्तु बनाएर व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । निबन्धकारले शीर्षक चयन गर्दा शास्त्रीय ग्रन्थ, काव्य, अग्रज कविहरूका कवितात्मक उक्ति, लोकोक्ति, लोकगीत आदि विविध प्रसङ्गहरूलाई अवतरण गर्न खोजेको पाइन्छ । साथै स्वप्न सम्बन्धी विविध विचारहरूसँग आफ्नो चिन्तनलाई दाँज्दै सहमति असहमतिका भावनाहरू अभिव्यक्ति दिन खोजेको पाइन्छ ।

दोस्रो खण्ड 'यात्रालङ्कार' यात्रासँग सम्बन्धित चिन्तन प्रवाहसँगै कुल्कुलाएको छ । यस खण्डको पहिलो निबन्ध 'भ्रमण साहित्य : हिजो अस्ति' मा पुराण, इतिहास, समाज, साहित्य, भूगोल आदि विविध विषय प्रसङ्ग्रहरूलाई समेटदै भ्रमण साहित्यको उत्पत्ति र विकासबारे सङ्क्षिप्त भावाभिव्यञ्जना दिने काम गरिएको छ । यस खण्डका अन्य रचनाहरूमा यात्रासँग सम्बन्धित विविध विषय, विविध प्रसङ् र अनुभूतिलाई विषयवस्तु बनाइएको छ । यस खण्डका यात्रा सम्बन्धी रचनाहरूमा वेद, पुराण, इतिहास, राजनीति, भूगोल, विज्ञान, दर्शन, संस्कृति आदि विभिन्न क्षेत्रका रमाइला रोचक एवम् मार्मिक सन्दर्भहरूलाई कोट्याउँदै यात्राबारे निबन्धकारको दृष्टिकोणलाई प्रस्तुत गर्न खोजिएको पाइन्छ । यसमा निबन्धकारका आफ्नै यात्रानुभवहरूलाई पनि चिन्तनपरक रूपमा प्रस्तुत गरिएको छ । यात्राका

विविध साधनहरूको पनि उल्लेख गर्दै लेखकले यात्रालाई जीवनको अपरिहार्य आवश्यकताका रूपमा स्वीकारेको पाइन्छ ।

यात्राकै सन्दर्भ एवम् प्रसङ्गलाई आत्मसात् गरे तापनि यस भित्रका सबै निबन्ध यात्रा गर्दाका अनुभूतिसँग मात्र सम्बन्धित देखिँदैनन् । केही निबन्धमा भने लेखकले यात्राका घटनाहरूलाई समाविष्ट गर्न खोज्नु भएको छ । घटनाको सूक्ष्मता र चिन्तनको प्रवलताले रङ्गिएका यस भित्रका निबन्धहरू शिक्षाप्रद मनोरञ्जनपूर्ण र मार्मिक छन् ।

**(इ) उद्देश्य**

स्वप्न सम्बन्धी चिन्तनको नवीनता लिएर प्रस्तुत निबन्ध सङ्ग्रहको उद्देश्य नेपाली निबन्ध साहित्यमा नयाँ प्रयोग गर्नु रहेको पाइन्छ । यस सङ्ग्रहमा एउटा सपना जस्तो सामान्य विषयवस्तुलाई लिएर भिन्न भिन्न पहिचान दिन सकिने थुप्रै रचना सृजना गर्न सकिन्छ भन्ने देखाइएको छ । दोस्रो खण्डमा पनि एउटा यात्रालाई प्रमुख विषयवस्तु बनाएर भिन्न भिन्न स्वरूप र पहिचान दिन सफल वत्तीसवटा रचनाहरू सृजना गरी नेपाली निबन्ध विधामा एउटा नयाँ प्रयोग दिन सफल भएको छ । प्रत्येक निबन्धको अन्त्यमा रचना लेखिएको मिति समेत दिइएको हुँदा दैनिकी जस्तो लागे पनि विषयवस्तु, भाषाशैली आदिलाई हेर्दा निबन्ध छोटा भएर पनि रोचक रहेका छन् । सपनाका माध्यमबाट मान्छे के के गर्दछ ? र यात्राका क्रममा हुनसक्ने सम्पूर्ण कार्यव्यापारलाई देखाउनु नै सङ्ग्रहको उद्देश्य हो भन्न सकिन्छ । निबन्धका शीर्षकहरू हेर्दा शास्त्रीय ग्रन्थ, काव्य, अग्रज कविहरूका कवितात्मक उक्ति, लोकोक्ति आदि विविध प्रसङ्ग्रहरूलाई अवतरण गर्न खोजेको पनि देखिन्छ । दोस्रो खण्डका निबन्धमा यात्रासँग सम्बन्धित विविध विषय, विविध प्रसङ्ग र अनुभूतिलाई समावेश गर्न खोजिएको छ ।

**(ई) भाषाशैली**

सामान्य तथा सरल नेपाली भाषाको प्रयोग खनालका निबन्धको प्रमुख विशेषता हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा कतै संस्कृत भाषाका शब्दहरू प्रयोग गरेको पाइन्छ भने कुनै कुनै निबन्धमा त थुप्रै संस्कृतका वाक्यहरूको प्रयोग गरेको पाइन्छ । हुन त निबन्ध गद्य भाषामा लेखिने भए तापनि खनालले आफ्ना निबन्धमा कहिकतै

पद्यात्मक शैलीको पनि प्रयोग गरेको पाइन्छ । छोटा छोटा निबन्ध रचना गरेर खनालले निबन्ध विधामा एउटा छुट्टै पहिचान दिन सफल भएका छन् । निबन्धकार खनालले आफ्ना निबन्धमा विभिन्न नेपाली उखान टुक्का (नमरी स्वर्ग देखिन्न, पशुपतिको यात्रा सिद्राको व्यापार) को पनि प्रयोग गरेका छन् जसले निबन्धलाई थप रोमाञ्चक बनाएको छ । निबन्धको शैली सरल, सरस र मीठासपूर्ण रहेको छ । सङ्क्षिप्तात्मक रूपमा लेखिएका यी निबन्धहरू तर्कपूर्ण रहेको पाउन सकिन्छ । सरल भाषाशैलीको प्रयोग गरेका कारण प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरू सामान्य पाठकले पनि सजिलैसँग बुझ्न सक्ने रहेका छन् ।

### ४.३.२.३ निष्कर्ष

डा. नारायणप्रसाद खनाल वि.सं. २००९ सालमा प्यूठानमा जन्मेर नवलपरासीमा बसोवास गर्दै आएका एक नेपाली साहित्यकार हुन् । सन् १९७५ देखि नेपाली साहित्यमा यात्रारम्भ गरेर नेपाली साहित्यिक विविध विधामा कलम चलाउने खनालले हालसम्म आठओटा पुस्तकाकार कृति प्रकाशित गरी सकेका छन् । जसमध्ये दुईवटा निबन्ध सङ्ग्रह रहेका छन् । जुन 'नारायणीका लहर-लहरमा' र 'स्वप्न यात्रा र चिठी' हुन् ।

'नारायणीका लहर-लहरमा' खनालको पहिलो निबन्ध सङ्ग्रह हो । यस सङ्ग्रहमा खनालका २८ वटा निबन्ध सङ्ग्रहहरू सङ्कलित रहेका छन् । यी निबन्धहरूमा खनालले उच्च राष्ट्र प्रेम, साहित्य कलाप्रेम, सामाजिक, राजनीतिक एवम् सांस्कृतिक विकृतिप्रति व्यङ्ग्य, सत्ता व्यामोह, शैक्षिक साहित्यिक चिन्तन आदिलाई विषयवस्तुका रूपमा प्रयोग गरेका छन् । उनको दोस्रो निबन्ध सङ्ग्रह स्वप्न यात्रा र चिठीमा 'स्वप्नालङ्कार' र 'यात्रालङ्कार' गरी दुई खण्डमा ६३ वटा निबन्ध रहेका छन् । स्वप्न सम्बन्धी चिन्तनको नवीनता लिएर प्रस्तुत भएको यो सङ्ग्रह मार्फत नेपाली निबन्ध साहित्यमा नयाँ प्रयोग गरिएको छ । सरल नेपाली भाषाको प्रयोग गरेर निबन्ध लेख्ने खनालका निबन्धहरू तर्कपूर्ण र विनोदात्मक रहेको पाइन्छ ।

सङ्ख्यात्मक हिसाबले हालसम्म दुईवटा मात्र निबन्ध सङ्ग्रह प्रकाशित गरेका खनालले नेपाली समाजका विविध विषयवस्तुलाई लिएर निबन्ध रचना गरेको

पाइन्छ भने एउटै विषयवस्तुलाई लिएर पनि भिन्न भिन्न स्वरूपमा भिन्न भिन्न निबन्ध लेखेको पाइन्छ । नेपाली निबन्ध विधामा नौलो प्रयोग भित्र्याउन सफल खनालबाट नेपाली निबन्ध विधाले अझै आश गर्ने ठाउँ छ र अपेक्षा पनि राख्दछ । साथै नेपाली साहित्यको निबन्ध विधाको विकासमा खनालको योगदान पनि महत्त्वपूर्ण रहेको छ भन्न सकिन्छ ।

### ४.३.३ सदानन्द अभागी (२००४)

#### ४.३.३.१ परिचय

नेपाली साहित्य क्षेत्रमा 'अभागी' उपनामले चिनिने व्यक्तित्व सदानन्द जैसी हुन् । उनको जन्म वि.सं. २००४ साल फाल्गुनमा पर्वत जिल्लाको शंकरपोखरी गा.वि.स. मा पर्ने नुवार भन्ने ठाउँमा भएको हो । उनले बी.एस्सी. (ए.जी.) उत्तीर्ण गरी लामो समयसम्म कृषि मन्त्रालयमा माटो विशेषज्ञका रूपमा काठमाडौँलाई कर्म क्षेत्र बनाएर निवृत्त भएका प्रतिभा हुन् । उनी नवलपरासीको कावासोती १, साँढका स्थायी बासिन्दा हुन् । उनी माटो विज्ञानका बरिष्ट व्यक्तित्व भएका कारण उनले थुप्रै वैज्ञानिक कृतिहरू प्रकाशित गराएका छन् भने उनमा साहित्यिक व्यक्तित्व पनि त्यत्तिकै प्रवल रूपमा रहेको देखिन्छ । उनले नेपालका धेरै जिल्लाहरूका साथै भारत, इजिप्ट, थाइलैण्ड, फिलिपिन्स, जापान जस्ता विभिन्न देशहरूको भ्रमण गरी कृषि सम्बन्धी प्रशस्त अनुभवहरू बटुलिसकेका छन् । यो उनको प्राविधिक पाटो हो भने उनको अर्को पाटो साहित्यिक क्षेत्र पर्न आउँछ । यहाँ उनको साहित्यिक पाटोको मात्र चर्चा गरिन्छ ।

छिटपुट रूपमा पत्रपत्रिकामा रचनाहरू प्रकाशन गराएका भए तापनि खासै पत्रिकामा रचनाहरू प्रकाशित गराउन वास्ता नगरेका साहित्यिक प्रतिभा सदानन्दका प्रकाशित पुस्तकाकार कृतिहरू साढे दुई दर्जन जति रहेका छन् । देवचुली प्रकाशनका सम्पादक एवम् साहित्यकार भूशभ गण्डर्षिसँगको संसर्गपछि एकसाथ कथा, कविता, उपन्यास, लघुकाव्य र खण्डकाव्यदेखि महाकाव्यसम्मका विविध रचना प्रकाशित गर्न सफल कवि सदानन्द साहित्यिक कृति प्रकाशनका हिसाबले नवलपरासीका एक होनहार प्रतिभा मानिन्छन् । छोटो समयमा विभिन्न विधामा एकैचोटि कलम चलाउन थालेका कारणले होला कृतिहरू साहित्यिक उच्चता प्राप्त

गर्ने क्रममा ओझेल परेका छन् । उनका प्रकाशित कृतिहरू ‘बुढो जवानी’ कविता सङ्ग्रह (२०५८), ‘कोपिल’, लघुकाव्य (२०५९), ‘जीवनलिला’ उपन्यास (२०६०), ‘तीन युग : एक कथा’ महाकाव्य (२०६०), ‘अग्निज्वाला’ महाकाव्य (२०६१), ‘नियती’ उपन्यास (२०६१), ‘आफ्नो व्याथा’ कविता सङ्ग्रह, ‘पश्चातापको आँसु’ कथा सङ्ग्रह, ‘जीवनलिला’ खण्डकाव्य, ‘म र मेराहरू’ जीवनी, ‘काठमाडौँदेखि देहरादुन’ यात्रा विवरण आदि रहेका छन् । यिनका समग्र कृतिमा विछोडको पीडा, विछोडिने परिवेशप्रति क्रूर बन्दै प्रतिशोधका ज्वाला रन्काउने, सामाजिक विकृति विसङ्गति, गरिबी, अभाव, वेरोजगारी आदिको जीवन्त चित्रण गरिएको छ । त्यस्तै उनका केही रचनामा नारीहरूप्रति समाजले राखेका धारण, नारी जीवनमा आइपर्ने पीडादायी परिस्थिति, प्रेम विवाहको सम्मान, बहु-विवाहप्रति आक्रोश, विधवा विवाह गर्नमा समाजलाई सचेत बनाउन गरिएका प्रयासहरू पनि प्रवल रूपमा आएका देखिन्छन् । समसामयिक युगीन परिवेशमा सामाजिक वर्ग विभेदको विरोध, राष्ट्रियता, देशप्रेम, प्रकृतिप्रेम, क्रान्तिकारी एवम् विद्रोह जस्ता विषयवस्तुहरूले उनका कृतिलाई पठनीय बनाएका छन् ।

### ४.३.३.२ निबन्ध कृतिको अध्ययन

नेपाली साहित्यको कान्छो विधाको रूपमा परिचित निबन्ध विधा अन्तर्गत साहित्यकार सदानन्द अभागीको ‘काठमाडौँदेखि देहरादुन’ यात्रा विवरण प्रकाशित भएको छ । यहाँ यस यात्रा विवरणको सामान्य अध्ययन तथा विश्लेषण गरिन्छ ।

**(क) काठमाडौँदेखि देहरादुन (२०६१)**

**(अ) परिचय**

‘काठमाडौंदेखि देहरादुन’ निबन्धकार सदानन्द अभागीको पहिलो निबन्धात्मक कृति हो । योृ कृति लेखकले आफ्नो जागिरको सिलसिलामा विभिन्न ठाउँहरूको अध्ययन भ्रमण तथा तालिममा जाने क्रममा सन् १९९९ जनवरीमा भारतको देहरादुन गएको विषयलाई समेटेर लेखेका छन् । मूल शीर्षक ‘काठमाडौँदेखि देहरादुन’ रहेको यो कृतिमा ‘देहरादुन तथा अध्ययनसँग सम्बन्धित संस्थाको विवरण’, ‘केन्द्रीय संग्रहालयको अवलोकन’, ‘माटोजाँच प्रयोगशाला र जि.आई.एस. प्रयोगशाला’, ‘विभिन्न जलाधार तथा जनपद, मसूसी अवलोकन’,

'मसुरीको संक्षिप्त विवरण', 'मन्दिर तथा अरू क्षेत्रको अवलोकन', 'टपकेश्वर महादेवको मन्दिरको भ्रमण', 'अम्मलको उपयोग महाशिवरात्रीको दिन, ऋषिकेशको अवलोकन', 'केन्द्रीय माटो तथा पानी संरक्षण अनुसन्धान तथा तालिम केन्द्रको अनुसन्धान फार्मको भ्रमण', 'भूमि क्षमता वर्गीकरण', 'भूमि दर्जा वर्गीकरण', 'भूमिको भिरालो पना', 'जलवायु मापन यन्त्रको अवलोकन', 'फलफूल वगैचा अवलोकन', 'सूक्ष्म जलाधार तरिकाबाट माटोको रोकावटमा अपनाइएका तरिकाहरू', 'वनस्पतिबाट भूसंरक्षण गर्ने तरिका', 'अल्मासको जलधार आयोजनाको भ्रमण', 'सामाजिक स्थिति', 'अवलोकन भ्रमणको अन्तिम दिन', 'हरिद्वारको अवलोकन', 'देहरादुन यात्रामा एउटा दुर्भाग्यको क्षण' जस्ता विभिन्न उपशीर्षकहरू रहेका छन् ।

**(आ) विषयवस्तु**

'काठमाडौँदेखि देहरादुन' यात्रा विरणात्मक कृतिमा लेखक सदानन्द अभागीले जागिरको सिलसिलामा विभिन्न देश तथा ठाउँहरूको अध्ययन भ्रमण तथा तालिममा जाने क्रममा सन् १९९९ जनवरीमा भारतको देहरादुन जाँदा भएका गतिविधि र नेपालको चितवन जिल्लादेखि अध्ययन भ्रमण सुरु गरेर देहरादुन पुगेको र काठमाडौँ फर्कदाको दिनसम्मका गतिविधि र बाटोका विभिन्न ठाउँहरूको वर्णनलाई विषयवस्तु बनाएका छन् । सो यात्रामा २९ जना सहभागी रहेको कुरा यस कृतिमा उल्लेख छ साथै यिनै २९ जनाहरू मध्येबाट कसैले गीत गाएको, कसैले कविता भनेको कुरालाई पनि कृतिमा राखिएको छ । 'देहरादुन तथा अध्ययनसँग सम्बन्धित संस्थाको विवरण' उपशीर्षकमा अनुसन्धान संस्थानका निर्देशकका भनाइहरू, भूक्षय, भारतमा सिंचाइको व्यवस्थापन, कृषि उत्पादनमा आएको तीव्रता जस्ता कुराहरूलाई विषयवस्तुको रूपमा समेटिएको छ । भारतको देहरादुनमा रहेको केन्द्रीय सङ्ग्रहालयलाई पनि विषयवस्तुको रूपमा राखिएको छ । अझै लेखक माटो विशेषज्ञ भएको र अध्ययन भ्रमण पनि कृषिसँग नै सम्बन्धित भएको हुँदा माटोको अम्लिय पन, जलाधार आदिलाई पनि नियात्रा भित्र विषयवस्तु बनाइएको छ । भारतको देहरादुनमा नेपालीहरू गएर न्यून ज्यालामा मजदुरी गर्नु परेको कुरालाई पनि यस यात्रा विवरणमा समेटिएको छ । भारतका विभिन्न स्थानलाई नेपालका विभिन्न स्थानसँग तुलना गर्दै नेपालमा पनि सिमल, अमला, बाँझ, कागती जस्ता बोट

वृक्षारोपण गरेमा भूक्षय रोक्ने मात्र नभई बिरुवाले आर्थिक पक्षलाई पनि सघाउ पुऱ्याउँदछ भनिएको छ (अभागी, २०६१ : १३) । भारतको एक पहाडी क्षेत्र मसुरीको पनि सङ्क्षिप्त विवरण दिइएको छ । यसै क्रममा बुद्धिप्रसाद सापकोटाले सुनाएको कवितालाई पनि कृतिमा समेटिएको छ । सो यात्राका क्रममा भारतका विभिन्न मन्दिरहरूको अवलोकन गरिएको कुरा पनि कृतिमा रहेका छन् । 'अम्मलको उपयोग' उपशीर्षक अन्तर्गत रमाइलो प्रसङ्ग पनि जोडिएको छ । महाशिवरात्रीका दिन टपकेश्वर महादेवको मन्दिरमा भएको पूजापाठ साथै मसुरीका कृषिकले सञ्चालन गरेको तरकारी वाली कार्यक्रमको पनि चर्चा गरिएको छ (अभागी, २०६१ : १९) । भारतको अल्मास जलधार आयोजनाको चर्चा साथै अल्मास गाउँको सामाजिक स्थितिलाई पनि यस यात्रा विवरणमा विषयवस्तु बनाइएको छ । 'अवलोकन भ्रमणको अन्तिम दिन' उपशीर्षक अन्तर्गत लेखक हरिद्वारा जान नसकेको कुरा साथै साथीहरूसँग छुट्टिएर काठमाडौं आइपुग्दासम्मको स्थितिलाई समेटिएको छ । यात्रा विवरणको अन्तिममा सो समयभन्दा २२/२३ वर्ष पहिला आफूले हरिद्वारको भ्रमण गरेको सम्झना गरिएको छ भने देहरादुन सहरदेखि चार किलो मिटरको दुरीमा स्थापित बलभद्रको स्मारक अवलोकन गर्न नपाएको कुरालाई 'देहरादुन यात्रामा एउटा दुर्भाग्यको क्षण' उपशीर्षकमा राखेर यात्रा विवरणलाई टुङ्ग्याइएको छ ।

'काठमाडौंदेखि देहरादुन' यात्रा विवरणमा नियात्राकार अभागीले आफ्नो अध्ययन भ्रमणका क्रममा चितवनदेखि यात्रा सुरु गरेर देहरादुन पुगी फर्केर काठमाडौं आइपुग्दासम्म सो यात्रामा भएका विविध गतिविधिलाई विषयवस्तु बनाएर यो कृति तयार पारेका छन् ।

### (इ) उद्देश्य

'काठमाडौंदेखि देहरादुन' विवरणमा नियात्राकार अभागीले आफ्ना अध्ययन भ्रमणमा भएका गतिविधिहरूको जानकारी दिनु नै प्रमुख उद्देश्य लिएको देखिन्छ । यस कृतिमा यात्राका क्रममा भएका सम्पूर्ण गतिविधिलाई जस्ताको तस्तै अथवा यात्राका क्रममा लेखकले जे जस्तो देखे र अनुभव गरे त्यसलाई सोही रूपमा प्रस्तुत गरेका छन् । साथै यस यात्रा विवरणमा समेटिएको माटोको अम्लियपन, भूक्षय

जस्ता कुराहरू बारे जानकारी दिनु पनि नियात्राको उद्देश्य रहेको छ भन्न सकिन्छ । यस कृतिमा भूक्षय रोकथामका उपायहरूका बारेमा पनि सामान्य जानकारी दिइएको छ । भारतका विभिन्न धार्मिक स्थलहरूको चर्चा साथै भारतको देहरादुनमा रहेका विभिन्न जलधार आयोजनाहरूको चर्चा पनि गरिएको छ । अल्मास गाउँका सामाजिक स्थितिको कुरालाई चर्चा गर्दै नेपालीहरू पनि रोजगारीको सिलसिलामा त्यहाँ पुगेको र त्यहाँ भोग्नुपरेको दुःख कष्ट पनि यस यात्रा विवरणमा देखाइएको छ । यसरी हामी भन्न सक्दछौं यस नियात्रामा नियात्राकारको अध्ययन भ्रमणका रोचक प्रसङ्गको चर्चा परिचर्चा गर्ने, कृषि सम्बन्धी पनि केही जानकारी दिने, भारतका विभिन्न मठमन्दिरको चर्चा साथै अल्मास गाउँको सामाजिक स्थितिको जानकारी दिने प्रयोजन रहेको छ ।

**(ई) भाषाशैली**

प्रस्तुत 'काठमाडौँदेखि देहरादुन' यात्रा विवरणका सरल, सरस र मीठासपूर्ण भाषा रहेको छ । यस कृतिमा गद्यात्मक भाषाको प्रयोग भए तापनि कुनै कुनै ठाउँमा बुद्धि सापकोटाद्वारा सुनाइएको कविता भनी कवितालाई पनि राखिएको छ । सो कवितालाई गद्यात्मक भाषामा नै राखिएको छ । प्रस्तुत नियात्रा वर्णनात्मक शैलीमा लेखिएको छ । यात्राकार आफूले देखेका विषयवस्तुलाई सरल तरिकाले वर्णन गरेका छन् । प्रस्तुत यात्रा विवरणमा कहिँकतै 'वर्म गए कर्म सँगै नेपाल गए कपाल सँगै', 'खाने मुखले जुँगाले छेक्दैन' जस्ता उखानको प्रयोग गरिएको छ जसले यात्रा विवरणमा रोचकता थप्ने काम गरेको पाइन्छ ।

प्रस्तुत यात्रा विवरणमा नियात्राकार स्वयं आफू उपस्थित भएको भ्रमणलाई सरल भाषामा प्रस्तुत गरेका छन् । सो भ्रमणका क्रममा पूर्व चितवनदेखि पश्चिम दार्चुलासम्मका मानिसहरू सहभागी भएको र उनीहरूको भाषामा पनि फरक रहेको देखाइएको छ । जुन वलदेवप्रसाद भट्टले गाएको गीत मार्फत् प्रस्तुत भएको छ । यसका साथै देहरादुनका केही ठाउँहरूमा लेखिएको भनी हिन्दी भाषाका वाक्यहरू पनि राखिएका छन् भने कहिँकतै थम्बको नियम भनेर अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि भएको पाइन्छ । हिन्दी शब्दहरूको प्रयोग भएका ठाउँमा त्यस शब्दको अर्थ समेत कोष्ठकमा दिइएको छ ।

यसरी निष्कर्षतः यस यात्रा विवरणमा रहेको भाषाशैली सरल, सरस र मिठासपूर्ण छ भन्न सकिन्छ । सामान्य पाठकले पनि सजिलै बुझ्न सक्ने भाषामा प्रस्तुत कृतिलाई यात्रामा भएका विविध घटनाको परिचर्चाले रोचक बनाएको छ ।

### ४.३.३.३ निष्कर्ष

अभागीले नेपाली साहित्यका विभिन्न विधामा धेरै अगाडिदेखि कलम चलाएको भए तापनि निबन्ध विधामा भने साठीको दशकमा आएर मात्र कलम चलाएको पाइन्छ । हालसम्म उनका लगभग साढे दुई दर्जन पुस्तकाकार कृतिहरू प्रकाशित भइसके पनि निबन्ध विधा अन्तर्गत एउटा मात्र 'काठमाडौँदेखि देहरादुन' यात्रा विवरणात्मक कृति प्रकाशित देखिन्छ । यस कृतिमा उनले आफ्नो जागीरको सिलसिलामा भारतको देहरादुन जाँदा भएका गतिविधिलाई समेटेका छन् । यो उनको एक उत्कृष्ट यात्रा विवरणात्मक कृति हो । हालसम्म प्रशस्त साहित्यिक कृतिहरू प्रकाशित गरिसकेका अभागीबाट नेपाली निबन्ध विधामा पनि अरू कृतिहरू प्रकाशित हुनेछन् भन्ने अपेक्षा गर्न सकिन्छ ।

## ४.४ निष्कर्ष

नेपालका विभिन्न जिल्लामा जन्मिएर हाल नवलपरासी जिल्लामा स्थायी बसोवास गरी निबन्धकृति प्रकाशित गर्ने निबन्धकारहरू न्यून रहेको देखिन्छ । हालसम्म यस जिल्लाका निबन्धकारका रूपमा परिचित व्यक्तिहरू हुमकान्त पाण्डे, डा. नारायणप्रसाद खनाल र सदानन्द अभागी मात्र रहेका छन् भन्न सकिन्छ । यिनीहरूका पनि थोरै मात्र निबन्ध कृतिहरू प्रकाशित छन् । नवलपरासी जिल्लाका निबन्धकारहरूले विविध विषयवस्तुलाई लिएर निबन्ध रचना गरेका छन् ।

निबन्धमा नेपाली समाजका द्वन्द्व, आपराधिक घटना, प्रकृति प्रेम, यात्रा, स्वप्न अथवा सपना आदि जस्ता विविध विषयवस्तुलाई समेटिएको छ । नवलपरासी जिल्लाका निबन्धकारले निबन्ध सङ्ग्रहका निबन्धहरूमा उच्च राष्ट्र प्रेम, साहित्यकला प्रेम, सामाजिक-राजनीतिक व्यङ्ग्य, सत्ताव्यामोह, शैक्षिक-साहित्यिक चिन्तन, वस्तु विश्लेषण, घटना संस्मरण आदिलाई अत्यन्त सटीक रूपमा प्रस्तुत गर्नु महत्त्वपूर्ण पक्ष हो भन्न सकिन्छ । यहाँका निबन्धकारका निबन्धकृतिबाट आ-आफ्नै निबन्धात्मक विशेषता रहेको पनि जानकारी हुन्छ । प्रायः निबन्धहरूमा

समाजका विविध प्रसङ्गलाई कोट्याउँदै निबन्धकारको दृष्टिकोण प्रस्तुत गर्न खोजिएको पाइन्छ ।

उद्देश्यका आधारमा नवलपरासी जिल्लाका निबन्धकारहरूका निबन्धमा सामाजिक यथार्थ र आत्मपरकताको वहुल प्रयोग भएको पाइन्छ । प्रस्तुत निबन्ध कृतिहरूको उद्देश्य समाजमा भएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्नु, प्रकृतिको विविध रूपको चित्रण गर्नु, एउटै विषयलाई फरक फरक दृष्टिकोणबाट औंल्याउनु र आत्मानुभूतिलाई प्रकट गर्नु रहेको पाउन सकिन्छ ।

भाषाशैलीका आधारमा दृष्टिले नवलपरासी जिल्लाका निबन्धकारका निबन्धको भाषा सरल, सरस र मिठासपूर्ण रहेको छ भने शैली प्रायः वर्णनात्मक, तार्किक, आलङ्कारिक र व्यङ्ग्यात्मक एवम् मिश्रित रूपमा प्रस्तुत भएको पाइन्छ । निबन्धहरू भावमय एवम् हृदयस्पर्शी छन् । प्रायः निबन्धहरू सङ्क्षिप्त आकारका रहेका छन् ।

नवलपरासी जिल्लाका निबन्धहरूमा अनेकन् प्रयोग, नवीनता, उत्तर आधुनिक चिन्तन आदिको पनि समावेश भएको हुनाले यी निबन्धहरू नवलपरासी जिल्लाका मात्र सम्पत्ति नभई निबन्ध विधामा समग्र राष्ट्रकै गहनाका रूपमा रहेका छन् । यस्ता निबन्ध लेख्ने निबन्धकारहरूलाई निबन्ध लेखनमा थप उत्प्रेरणा प्रदान गर्नु हामी सबैको कर्तव्य हुन आउँछ ।

## पाँचौं परिच्छेद

# उपसंहार

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने लुम्बिनी अञ्चलमा रहेका ६ वटा जिल्लाहरूमध्ये नवलपरासी एउटा जिल्ला हो । ऐतिहासिक दृष्टिकोणले यो जिल्ला अत्यन्त महत्त्वपूर्ण रहेको छ । झण्डै १ करोड १० लाख वर्ष पुराना प्राग्ऐतिहासिक ढुङ्गे हातहतियार तथा प्राग मानवका दाँतहरू यस जिल्लामा भेटिएका छन् । यस जिल्लामा पर्ने 'रामग्राम स्तूप' लाई नेपालकै महत्त्वपूर्ण स्तूप मानिन्छ । त्यस्तै ठूला ऋषि वेदव्यासको तपोभूमि एवम् भगवान गौतम बुद्धको मावली देश भनेर पनि यसै जिल्लामा पर्ने त्रिवेणी र रामग्रामलाई चिनिन्छ । यसरी सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिले समेत अत्यन्त महत्त्वपूर्ण मानिने यस जिल्लाको भित्रि मधेस अन्तर्गतका गा.वि.स. हरू (गैडाकोटदेखि दाउन्ने देवी गा.वि.स. सम्म) मा चारकोशे झाडीको नामले चिनिने जङ्गल पर्दछ । यसकारण यो जिल्ला प्राकृतिक सौन्दर्यका दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ । त्यस्तै यस जिल्लाका प्रमुख धार्मिक स्थलहरूको रूपमा त्रिवेणीधाम, दाउन्ने देवी, मौलाकालिका जस्ता स्थानहरू रहेका छन् । शिक्षा, स्वास्थ्य एवम् यातायात क्षेत्रमा पनि यस जिल्लामा क्रमिक रूपले विकास हुँदै गएको छ ।

यस जिल्लामा शैक्षिक तथा साहित्यिक गतिविधि धेरै समयपछि मात्र सुरु भएको हो । यस जिल्लाका साहित्यिक गतिविधिलाई अगाडि बढाउनका लागि यसै जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाहरूको योगदान ज्यादै महत्त्वपूर्ण मानिन्छ । यस जिल्लाबाट प्रकाशित पहिलो पत्रिका 'त्रिवेणी साप्ताहिक' (२०३५) हो । त्यसपछि क्रमशः 'लाली गुराँस साप्ताहिक', 'नयाँ आवाज', 'दैनिक लुम्बिनी', 'देवचुली', 'शहिद', 'सौदामिनी', 'पाल्ही सन्देश', 'पाल्ही नन्दन', 'दाउन्ने चिनारी', 'परासी टाइम्स', 'आत्मज्योति', 'साप्ताहिक खोजखवर', 'मेचीकाली' आदि पत्रिकाहरूको प्रकाशन भएको पाइन्छ । यी पत्रपत्रिकाहरूमा गीत, गजल, कविता, मुक्तक, कथा, निबन्ध जस्ता साहित्यका विभिन्न विधाहरू समेटिएको पाइन्छ । जसको कारणबाट नवलपरासी जिल्लामा साहित्यिक वातावरणको सृजना हुन पुगेको हो ।

नवलपरासी जिल्लामा रहेका सृजनशील प्रतिभाहरूलाई जगाउनका लागि यहाँ विभिन्न साहित्यिक संघ संस्थाहरू स्थापना गरिएको पाइन्छ, तिनीहरू क्रमशः 'राष्ट्रिय जनसांस्कृतिक मञ्च', 'त्रिवेणी साहित्य परिषद्', 'देवचुली', 'कालिका मन्दिर कालिका आश्रम', 'सडक नाटक समूह', 'अफिसर्स क्लव', 'परासी साहित्य समाज', 'नवलपरासी साहित्य परिषद्', 'श्री दाउन्नेदेवी मन्दिर संरक्षण तथा व्यवस्थापन समिति' आदि रहेका छन् । यी साहित्यिक संस्थाहरूबाट साहित्यिक क्षेत्रमा अगाडि बढेका सिर्जनशील प्रतिभाहरूका कृति प्रकाशन गर्ने, फुटकर रचनाका लागि जागरुक बनाउने, प्रतिष्ठित साहित्यकारहरूको सम्मान गर्ने जस्ता कामहरू भएको पाइन्छ ।

नवलपरासी जिल्लामा कृति प्रकाशनको आरम्भ भने वामदेव पण्डितको 'ब्रह्माण्डभित्र' (२०३१) काव्यबाट भएको पाइन्छ । यस कृतिसँगै सुरु भएको नवलपरासी जिल्लाको साहित्यिक यात्रालाई वि.सं. २०३१ देखि २०४५ सम्म पहिलो चरण, वि.सं. २०४६ देखि २०५१ सम्म दोस्रो चरण र २०५२/५३ पछिको समयलाई तेस्रो चरणमा विभाजन गरिएको छ । साथै यस जिल्लाका साहित्यकारहरू र तिनका प्रकाशित कृतिहरूको सामान्य जानकारी समेत प्रस्तुत शोधपत्रमा दिइएको छ ।

'नवलपरासी जिल्लाका निबन्धको अध्ययन' शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रको मूल उद्देश्य नवलपरासी जिल्लाको सामान्य परिचय दिँदै जिल्लाका निबन्धकारहरूको पहिचान गरी निबन्धकारहरूका निबन्ध कृतिको अध्ययन गर्नु हो ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ । शोधपत्रको परिचय दिने क्रममा विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमा, शोधविधि, शोधकार्य गर्दा सामग्री सङ्कलन गर्ने तरिका, सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा तथा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा जिल्लाको भौगोलिक अवस्था, जिल्लाको नामकरण प्रसङ्ग, ऐतिहासिक चिनारी, साँध-सीमा, भू-बनोट, हावापानी, प्राकृतिक वनस्पति, पशुपक्षी, नदीनालाहरू, स्थानीय निकायको विभाज, जनसङ्ख्या, सामाजिक जनजीवन जाति, भाषा र धर्म, मठ-मन्दिर तथा धार्मिक स्थलहरू शिक्षा र स्वास्थ्य आदि यस क्षेत्रको चिनारी झल्कने विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा नवलपरासी जिल्लाको साहित्यिक पृष्ठभूमि र निबन्धकारहरूको सर्वेक्षण गरिएको छ । जिल्लाको साहित्यिक पृष्ठभूमिका रूपमा जिल्लाका साहित्यको विकासक्रम, कविता, कथा, उपन्यास, नाटक, पत्रपत्रिकाहरू र साहित्यिक संघ संस्थाहरूले जिल्लाको सीहित्यिक विकासमा पुऱ्याइएको योगदानको चर्चा गर्दै निबन्ध कृति प्रकाशित गर्ने निबन्धकारहरूको नाम, ठेगाना र निबन्ध कृतिको उल्लेख गरिएको छ भने फुटकर निबन्ध प्रकाशित गर्ने निबन्धकारहरूको नामावली दिइएको छ । शोधपत्रको चौथो परिच्छेदमा नवलपरासी जिल्लाका निबन्ध सङ्ग्रह प्रकाशित गर्ने निबन्धकार र तिनका निबन्ध कृतिको अध्ययन तथा विश्लेषण गरिएको छ । निबन्धकारहरूको सामान्य परिचय दिँदै निबन्धकारका निबन्धहरूको निबन्ध तत्त्वका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । निबन्धको परिचय र निबन्ध विश्लेषणका आधारलाई समेत यसै परिच्छेदमा समेटिएको छ ।

समग्रमा प्रस्तुत शोधपत्र जिल्लाको सामान्य परिचयदेखि जिल्लाको साहित्यिक गतिविधिको समेत सामान्य चर्चा गर्दै जिल्लाका निबन्धकार र तिनका निबन्ध कृतिको विधातत्त्वका आधारमा विश्लेषण गरी तयार पारिएको छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, रामलाल, **नेपाली निबन्धयात्रा**, दार्जलिङ : नेपाली साहित्य संचयिका, सन् १९९५ ।

अभागी, सदानन्द, **काठमाण्डौदेखि देहरादुन**, काठमाडौँ : सदानन्द अभागी, २०६१ ।

अर्याल, भगवती, **नवलपरासीको साहित्यिक गतिविधि**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६३ ।

------------, "नवलपरासी जिल्लाका साहित्यिक गतिविधि" अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५६ ।

काफ्ले, टंकप्रसाद, "नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्वगत विशेषता, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०६५ ।

खनाल, नारायणप्रसाद, **केही रहर : केही ठहर**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४९ ।

------------, **नारायणीका लहर–लहरमा**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६१ ।

घिमिरे, विष्णुप्रसाद, **पाल्पा राज्यको इतिहास**, भरतपुर : घिमिरे प्रकाशन, २०४५ ।

जिल्ला विकास समिति, **नवलपरासीको १८ औं जिल्ला परिषद् प्रतिवेदन**, नवलपरासी : जिल्ला विकास समिति, २०६७ ।

------------, **नेपाली बृहत् शब्दकोश**, सा.सं., काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६७ ।

------------, **मेचीदेखि महाकाली**, भाग ३, काठमाडौँ : श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१ ।

राष्ट्रिय जनगणना, २०५८ ।

रासस, "दक्षिण एशियामा सबैभन्दा पुरानो अवशेष", **गोरखापत्र**, काठमाडौँ : चैत्र १४, २०३७ ।

वैद्य, निर्मला, "नवलपरासी जिल्लाको पुरातात्विक महत्त्वका स्थलहरू तथा वस्तुहरू : एक अध्ययन, त्रि.वि., नेपाल इतिहास संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, शोधपत्र, २०५३ ।

शर्मा, भूपेन्द्र, "नवलपरासीका ख्याति प्राप्त साहित्यकार", **देवचुली**, अङ्क १, २०४८ ।

सिंह, ज्ञानु, "परासीको साहित्यिक यात्रा", **स्वदेश**, अङ्क २८, २०४५ ।

सुवेदी, राजेन्द्र (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध**, भाग ३, चौ.सं., काठमाडौँ : पाठ्यसामग्री पसल, २०६३ ।